वर्ष : १५, अंक : ३३, काठमाडौं, २०७६ मंसिर २७ गते शुक्रबार, 13 December 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## जथाभावी नबोल्न समाजवादीका नेतालाई आग्रह

काठमाडौं । समाजवादी पार्टीले पार्टी हितविपरित जथाभावी बोल्ने आफ्ना नेता तथा कार्यकर्तालाई कारवाही गर्ने भएको छ । पार्टी एकतामा आँच पुग्ने हिसाबले गलत सन्देश जाने गरी पार्टीको जिम्मेवार पदमा बसेर भित्र वा बाहिर कोही बोलेमा उसलाई अनुशासनको कारवाही गर्ने भएको हो ।

विगत केही दिनयता केही मिडियामा नेताको उद्धरण सहित पार्टी एकतामा असर पुग्ने गरी समाचार आएका छन् । त्यस विषयमा अध्यक्षद्वय उपेन्द्र यादव र बाबुराम भट्टराईबीच गम्भीर छलफल भएको थियो । कतिपय नेतालाई अध्यक्ष यादवले फोन गरेर सचेत पनि गराइसकेका छन् । दुई अध्यक्षबीच आगामी दिनमा पार्टी एकतामा आँच आउने कार्य पार्टी भित्रकै जिम्मेवार नेताबाटै हुन्छ भने त्यसलाई गम्भीर रूपमा लिएर आवश्यक अनुशासनको कार्बाही प्रक्रिया अगाडि बढाउने सहमति भएको पनि भएको छ ।

## राष्ट्रियसभाको निर्वाचन माघ ९ मा

काठमाडौं । सरकारले राष्ट्रियसभा निर्वाचनको मिति घोषणा गरेको छ । मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा सूचना तथा सञ्चारप्रविधि मन्त्री गोकुल बाँस्कोटाले माघ ९ गतेका लागि राष्ट्रिय सभाको निर्वाचन गर्ने निर्णय भएको जानकारी दिए । राष्ट्रिय सभाको रिक्त १८ पदका लागि निर्वाचन हुन लागेको हो ।

प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य र स्थानीय तहको उपनिर्वाचन सम्पन्न गरेसँगै निर्वाचन आयोग राष्ट्रियसभा सदस्यको निर्वाचनको तयारीमा जुटिसकेको छ ।

५९ सदस्यीय राष्ट्रियसभाका सदस्यमध्ये १८ जना सदस्यको आगामी फागुन २० गतेदेखि पद रिक्त हुँदैछ । रिक्त सदस्यको पदपूर्ति गर्नका निम्ति सरकारले मिति घोषणा गरेको हो । फागुन २० गते दुई वर्षे कार्यकाल पूरा गर्ने नेकपाका नौ, नेपाली काँग्रेसका सात, राजपाका दुई र समाजवादी पार्टीका एक जना रहेका छन् ।

### केन्द्र भर्सेज प्रदेश २

# संघीयता कार्यान्वयनका लागि जटिलता

**मधेशवाणी डेस्क**

काठमाडौं । मुलुकमा संघीयताको अभ्यास सुरू भएको छ । स्थानीय, प्रादेशिक र संघीय गरी तीन प्रकारका सरकारले संघीय ढाँचाको प्रतिनिधित्व गरिरहेका छन् ।

कर्मचारी समायोजन तथा सरूवा, कर विवाद, प्रदेश सरकारले आफूखुसी बिदा तोकिनुलगायतका कारण प्रदेश सरकार र संघीय सरकारबीच खटपटका हुन थालेका छन् । यस्तै विवादै विवादका कारण प्रधानमन्त्रीको अध्यक्षतामा बस्ने अन्तरप्रदेश परिषद्को बैठक पनि बसेको छैन ।

केपी शर्मा ओलीको नेतृत्वमा बनेको संघीय सरकार गठन भएको २२ महिना पूरा भइसकेको छ । सरकार गठनको यति समय बितिसक्दा पनि परिषद्को बैठक नबस्नुले संघीयता कार्यान्वयनको अप्ठ्यारोको पुष्टि गरेको छ । संविधान निर्माणताका नै कतिपय संविधानविद् संघीयता अभ्यासको समयमा केन्द्र सरकार र प्रदेश सरकारबीच विवाद बढ्न सक्ने अनुमान लगाएका थिए । संविधान निर्माणको समयमा गरिएको आशंका यतिवेला सत्य सावित हुँदै गएको छ ।

नेपालका लागि संघीयता नयाँ अभ्यास हो तर राजनीतिक दलहरू यथार्थभन्दा भावनामा डुबेर यसको पछि लागेका छन् । संघीयता कार्यान्वयनका क्रममा आइपरेका केही जटिलतालाई स्वाभाविक मान्नुपर्छ ।

संघ र प्रदेशबीच तथा प्रदेश-प्रदेशबीच उत्पन्न राजनीतिक विवाद समाधानका लागि प्रधानमन्त्रीको अध्यक्षतामा बस्ने अन्तरप्रादेशिक परिषदमा संघीय सरकारका अर्थमन्त्री, गृहमन्त्री र सम्बन्धित प्रदेशका मुख्यमन्त्री सदस्य रहने व्यवस्था संविधानको धारा २३४ मा रहेको छ । तर, संविधानले नै व्यवस्था गरेको बैठक नबस्नु संघीयता कार्यान्वयनको लागि जटिल हो ।

प्रदेश २ को सरकारले प्रदेश प्रहरी ऐन तर्जुमा गरेपछि संघीयता विषयको बहस एकपटक फेरि चुलिएको छ । संघीय कानुन निर्माण नहुँदै प्रदेशले यस्तो ऐन बनाएपछि यसलाई केन्द्रले 'ओभरटेक' का रूपमा बुझ्नु र यसललाई संघीयताको दुर्घटनाको कारकका रूपमा अर्थ्याएर अभिव्यक्ति आउनु सामान्य हुन सक्तैन । संविधानको धारा ५७ को उपधारा २ र अनुसूची-६ मा भएको व्यवस्थाअनुसार प्रदेश सरकारले प्रदेश प्रहरी प्रशासन र शान्तिसुरक्षासम्बन्धी आवश्यक कानुन निर्माण गर्न सक्छ ।

नेपालको संघीयताको स्वरूपलाई संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनी परिभाषित गरेको छ । यो संवैधानिक व्यवस्थाको मर्म र भावनालाई तीनै तहका सरकारले आत्मसात् गर्नु अनिवार्य छ । तीनै तहका सरकारको सहकार्यबाट मात्र हाम्रो विकास र समृद्धिको यात्रा अगाडि बढ्ने हो । हाम्रा संस्थाहरूको लोकतन्त्रीकरण हुने हो । हाम्रो शासन व्यवस्था नागरिकको जीवन पद्धतिमा रूपान्तरित हुने हो ।



सिंहदरबार




प्रदेश २

संघीय संसदमा दुई तिहाईको समर्थन प्राप्त नेकपाको सरकार छ । सातमध्ये छ वटा प्रदेश सरकार पनि नेकपाकै बहुमतका छन् । एउटा प्रदेश २ मा सरकारमा सामेल मधेशी दलको सरकार छ । यस्तो अपूर्व अवसर र राजनीतिक परिपाटी भएको अवस्थामा संघीयताका विषयमा आशंका उब्जिनु सरकारको नियतमा खोट भएर होइन र ? किन सरकारले क्षमता र इच्छा शक्ति देखाउन सकेको छैन ?

संघीय सरकार र प्रदेश २ सरकारबीच सर्लाही जिल्लास्थित सागरनाथ वन परियोजनाको स्वामित्व ग्रहणसम्बन्धी विवाद कायमै छ । संघीय सरकारले परियोजनालाई निगममा परिणत गर्ने तयारी गरेपछि विवाद सुरू भएको हो । प्रदेश २ सरकारको मातहतमा रहेको वनमा संघीय सरकारको हस्तक्षेपलाई अहिले सर्वोच्च अदालतले रोक लगाएको छ । सागरनाथ परियोजनालाई निगममा परिणत गरेर संघीय सरकारले आफू मातहत राख्न खोजेको भन्दै प्रदेश सरकार सर्वोच्च अदालत पुग्यो । स्वामित्व ग्रहणसम्बन्धी विवाद कायमै रहेको बेला भदौ ५ मा प्रदेश सरकारले सागरनाथ वन परियोजनाको कार्यालयमै पुगेर मन्त्रिपरिषद् बैठक पनि गरेको थियो ।

संघीय सरकारले साथरनाथ वन परियोजनालाई टिम्बर कर्पोरेसनमा गाभेर वन नियमन कम्पनीमा गाभ्ने निर्णय गरेको थियो । त्यसको विरूद्धमा प्रदेश २ सरकारको सम्बन्धित मन्त्रालयले सर्वोच्च रिट दायर गरेको थियो । यी त भए केही दृष्टान्त मात्र । यस्ता अनेकौं विवादहरू केन्द्र र प्रदेशबीच जारी छ । वास्तवमा संविधानको अधिकार सूचीअनुसार कानुन नबन्दा केन्द्र र प्रदेशबीचको मनमुटाव बढेको हो । विशेष गरी प्रदेश २ र केन्द्रबीच खटपट बढी छ । यसअघि प्रदेश २ ले प्रदेशको शान्ति सुरक्षा प्रदेशकै अधिकारभित्र पर्ने भन्दै संघीय प्रहरी ऐन नबन्दै प्रदेश प्रहरी ऐन बनाएको थियो ।

### विवादका विषयहरू:

- सागरनाथ वन परियोजना प्रदेश मातहत ल्याउने
- संघीय प्रहरी ऐन नबन्दै प्रदेश प्रहरी ऐन जारी
- संघबाट प्रदेश लोकसेवा ऐन नबन्दै कर्मचारी भर्नासम्बन्धी ऐन जारी
- केन्द्रको जस्तै प्रदेशको पनि छुट्टै सीडीओ हुने विधेयक मस्यौदा निर्माण
- मुख्यमन्त्री लालबाबु राउतको अमेरिका भ्रमणमा रोक
- जनकपुर चुरोट कारखानासम्बन्धी विवाद
- निजगढमा अन्तर्राष्ट्रिय विमानस्थलमा विरोध

त्यस्तै प्रदेशमा कर्मचारी भर्नासम्बन्धी विधेयक अघि बढ्यो । संघीय संसद्ले प्रदेश लोकसेवासम्बन्धी ऐन बनाएपछि मात्र प्रदेशलाई लोकसेवा गठनको बाटो खुल्छ । तर उसले केन्द्रमा प्रदेश लोकसेवाको स्वरूप कस्तो भन्ने निर्धारण नहुँदै कर्मचारी भर्नासम्बन्धी विधेयक अघि बढायो । यसले पनि केन्द्रसँगको खटपट बढाएको छ ।

प्रदेशहरूले सीडीओलाई प्रदेशले चलाउन पाउनुपर्ने माग गर्दै आएका छन् । तर केन्द्रले सीडीओलाई आफैं मातहत राख्ने गरी संघीय संसदमा विधेयक ल्याएको छ । यसप्रति असन्तुष्टि जनाउँदै आएको प्रदेश २ सरकारले सीडीओकै जस्तो अधिकार प्रयोग गर्ने खालको प्रदेश अन्तर्गतको अधिकारी राख्ने खालको व्यवस्था गर्न खोजेको छ ।

केही घटनाहरूमा पनि केन्द्र र प्रदेशबीच मनमुटाव देखिएको छ । गत असारमा नागरिकता वितरण गर्ने सम्बन्धमा प्रदेशको आन्तरिक मामिला मन्त्रालयले सीडीओलाई जन्मसिद्ध नागरिकता पाएका व्यक्तिका सन्तानलाई वंशजको नागरिकता दिन सर्कुलर गरेको थियो । केही वर्षअघि अमेरिकाको एउटा कार्यक्रममा जान लागेका प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतलाई केन्द्रीय सरकारले रोकिदियो । यस्तै घटनाका कारण प्रदेश २ र केन्द्रबीच अन्य प्रदेशको भन्दा बढ्ता खटपट भइरहेको छ ।

जनकपुर चुरोट कारखाना लिमिटेड सञ्चालन र निजगढमा निर्माण हुन लागेको अन्तर्राष्ट्रिय विमानस्थलको समेत प्रदेश सरकार विरोधमा उत्रिएको छ ।

पछिल्लो समय संघीय सरकारले निजगढमा विमानस्थल निर्माणको प्रक्रिया सुरू गर्ने तयारी गरिरहँदा प्रदेश सरकार भने त्यसको विपक्षमा उत्रिएको छ ।

प्रदेश सरकारले बाराको निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउनुको साटो सर्लाही वा महोत्तरीमा बनाउनुपर्ने बताउँदै आएको छ । त्यतिमात्रै होइन, प्रदेश २ सरकारले विमानस्थल निर्माणबारे केन्द्र सरकारले आफूसँग समन्वय र सहकार्य नगरी आफुखुसी गरे सर्वोच्च अदालत जाने चेतावनी दिएको छ । बाराको निजगढमा प्रस्तावित अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्दा लाखौं रूख काट्नुपर्ने र रूख काट्दा बन विनास हुने प्रदेश सरकारको दावी छ । यही दावीका साथ निजगढमा विमानस्थल निर्माण गरे अदालत जाने प्रदेश सरकारले तयारी गरेको छ ।

यस्तै प्रदेश सरकार र संघ सरकारबीच ठुलै विवादको विषय जनकपुर चुरोट कारखाना पनि बनेको छ । संघीय सरकारका तात्कालीन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री मातृकाप्रसाद यादवले जनकपुर चुरोट कारखाना लिमिटेड सञ्चालन गर्ने योजनाअनुसार प्रदेश सरकारलाई आग्रह गरे । तर, मन्त्री यादवको यो आग्रहलाई प्रदेश सरकारले स्वीकार गरेन ।

किनभने जचुकालीकै भवनमा प्रदेश सरकारका मन्त्रालय राखिएको थियो । जचुकाली चलाउने या नचलाउने भन्नेमा मन्त्री यादव र मुख्यमन्त्री लालबाबुर राउतबीच आरोपप्रत्यारोप नै चल्यो । यसक्रममा मुख्यमन्त्री राउतले जचुकाली सञ्चालन गर्नुअघि वीरगंज क्षेत्रमा बन्द भएका उद्योगहरू सञ्चालन गरेर देखाउन चुनौती दिए ।

## समृद्धिमा सघाउन सदैव तत्पर छ : राजदूत पुरी



कठमाडौं । नेपालका लागि भारतका राजदूत मञ्जिभसिंह पुरीले राष्ट्रलाई आर्थिक-सामाजिक विकासको मार्गमाा अग्रसर गराउने नेपाल सरकारको समृद्धिको यात्रामा सघाउन भारत सदैव तत्पर रहेको बताएका छन् । आफ्नो सम्मानमा परराष्ट्र सचिव शङ्करदास वैरागीले राजधानीमा आयोजना गरेको बिदाइ समारोहमा उनले तीन तहका निर्वाचन सम्पन्न गरेर नेपालले विश्वलाई एकता, शान्ति र प्रगतिका निम्ति पूर्ण प्रतिबद्ध रहेको सन्देश प्रवाह गरेको बताए । राजदूत पूरीले भने, 'संसारका कुनै पनि देशले एकैपटक तीनवटा निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको इतिहास छैन ।'

उनले भारत र नेपालबीचको सम्बन्ध अतुलनीय रहेको तथा शताब्दीऔं पुरानो आपसी मैत्री भविष्यमा अझ सुमधुर एवं सुदृढ हुनेमा आफू विश्वस्त रहेको बताए । 'देवभूमि नेपाल भारतीयहरूका निम्ति अति सम्मानीय छ, प्रकृतिको वरदानप्राप्त अति सुन्दर राष्ट्र नेपाल जलस्रोत र पर्यटनका माध्यमबाट विकासको पथमा लम्किन सक्षम छ', उनले भने ।

आफ्नो कार्यकालमा अरूण तेस्रो र माााथिल्लो कर्णाली जलविद्युत् आयोजना निर्माणसम्बन्धी दुई राष्ट्रबीच भएको सहमति, भूकम्पपछिको पुनःनिर्माण, एकीकृत जाँच चौकी, हुलाकी राजमार्गलगायत भारत-नेपाल सहयोग र साझेदारी पारस्परिक मैत्रीका प्रतीक भएको बताए । अरूण तेस्रो र माााथिल्लो कर्णाली जलविद्युत् आयोजनाले नेपालको सामाजिक-आर्थिक परिदृश्यमा अकल्पनीय परिवर्तन ल्याउने र नेपाललाई समृद्ध देशका रूपमा विश्वमा स्थापित गर्ने उनले बताए ।

## "विशेष दूत पठाउने हल्ला मात्रै"

काठमाडौं । सरकारका प्रवक्ता एवम् सूचना तथा सञ्चार मन्त्री गोकुल बाँस्कोटाले भारतमा विशेष दूत पठाउने कुरा हल्ला मात्रै रहेको बताएका छन् । मन्त्रिपरिषद्ले गरेका निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा सञ्चारकर्मीहरूको प्रश्नको जवाफ उनले आफूले पनि विशेष दुत पठाउनेबारे सञ्चार माध्यमबाट थाहा पाएको बताए । 'विशेष दूत पठाउने कुरा मैले पनि मिडियाबाटै थाहा पाएँ । मिडियामा चर्चा भयो र त्यहीँ सेलायो । सरकारले दूत पठाउन सक्छ तर हामीले जानकारी पनि गराउन खोजेको हो,' उनले भने ।

भारतसँगको सीमा विवादको प्रश्न कालापानी र लिपुलेकको नभई लिम्पियाधुराको रहेको उल्लेख गर्दै उनले सत्यलाई स्वीकार गर्ने विषयमा भारतले अवश्य सोच्नेमा आफू विश्वस्त रहेको बताए । उनले नेपालले पहिलोपटक 'डिप्लोमेटिक नोट' दर्ज गरेको स्मरण गर्दै यसलाई पहिलो स्टेप मान्नुपर्ने बताए ।




समय-सन्दर्भ

संगीता रेग्मी



# महिला अभियानको सवाल

### महिला हिंसा विरूद्धमा हुने अभियानहरूको प्रभावकारिताका सवालमा अनुगमन कसले गर्ने ?

लैगिंक हिसांविरूद्धको १६ दिने अभियान सकिएको छ । अंग्रेजी महिनाको नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म अन्तर्राष्ट्रियस्तरमै अभियान संचालन गरि लैंगिक हिंसाविरूद्धका विभिन्न कार्यक्रमहरू आयोजना गरिन्छ । नेपालमा लैगिंक हिंसाविरूद्धको १६ दिने अभियान २०५४ सालदेखि मनाउँदै आइएको छ । 'समानताको पुस्ता: बलात्कारविरूद्ध ऐक्यबद्धता' भन्ने नाराका साथ यस वर्ष पनि लैंगिक हिंसा विरूद्धको १६ दिने अभियान सम्पन्न भएको छ ।

देशमा लैंगिक हिंसा विरूद्धको अयिभान चलिरहेकै बेला अछाममा छाउगोठभित्र पार्वती बुढाको निधन हुनु, वीरगन्जमा कोठा भित्रै आमा छोरीको शव शंकास्पद अवस्थामा भेटिनु, भारतको हैदराबादमा घटेको बर्बर बलात्कारको घटना बाहिरिनु, आफ्नै देशभित्र दिनहुँ जस्तो हुने बलात्कारको घटनामा कमी नआउनु, एसिड प्रहार, कार्यस्थलमा महिलामाथि माथि हुने दुर्व्यवहारका घटनामा कमी नआउनु जस्ता कारणहरूले गर्दा यो अभियान कत्तिको



प्रभावकारी भइरहेको छ भन्ने प्रश्न चिन्ह खडा भएको छ । सोचनीय विषय यो पनि हो कि सरकारीस्तरमै महिला हिंसाविरूद्धको अभियान सञ्चालन हुँदा पनि यस्ता घटनामा कमि आएको छैन, बरू त्यो झनै बढ्दै गइरहेको जस्तो देखिन्छ । पहिले पनि यस्ता घटनाहरू भएर बाहिर नआएका हुन् वा पछिल्लो समयमा महिलामाथि हुने आपराधिक क्रियाकलाप र दुर्व्यवहार बढ्दै गएको हो त्यो अनुसन्धानको पाटो रहेको छ ।

बाँकी पृष्ठ २ मा

## सम्पादकीय



# चुरे र मधेश

हिमालय क्षेत्रको दक्षिण तराईबाट उत्तर तिर हेर्दा तराईको समथर मैदान पछि देखिने उठेको पहिलो उभार तथा महाभारत क्षेत्रबाट दक्षिणतर्फ ओर्लिंदा समथर तराइ आउनु अघिको अन्तिम पर्वतीय क्षेत्र लाई चुरे, चुरिया वा शिवालिक पर्वत भनिन्छ। यो खुकुलो पत्रे चट्टान र कमलो माटोले बनेको भूभाग नेपालको पूर्व-पश्चिम फैलिएको छ। पाकिस्तानको इन्दस नदीदेखि नेपाल हुँदै भारतको ब्रह्मपुत्र नदीसम्म फैलिएको चुरेले नेपालको कूल क्षेत्रफलको १२.७८ प्रतिशत भूभाग ओगटेको छ। नेपालभित्र चुरे क्षेत्रले पूर्वको इलामदेखि सुदूरपश्चिमको कञ्चनपुरसम्म ३३ जिल्लाका केहि न केहि भूभागलाई ओगटेको छ। भूगर्भविद्को अध्ययन अनुसार करिब चार करोड वर्षअघि हिमालय उत्पत्तिका क्रममा ग्रेगर र थेगर थुप्रिएर चुरे क्षेत्र निर्माण भएको हो। उत्तरबाट हिउँ पग्लेर बग्दै आउने नदी महाभारत क्षेत्र हुदै अन्तिममा चुरे बाट तराईतिर बग्छन्। त्यसैले पनि यो कमलो ढुङ्गामाटोले बनेको क्षेत्र पर्यावरणीय दृष्टिले अत्यन्त संवेदनशील मानिन्छ। चुरेको फेदीमा नदीले बगाएर ल्याएका ढुंगा, गिट्टी, बालुवा र कंकडले बनेको भावर क्षेत्रको समथर भूभाग छ। यसले दक्षिणी समथर तराईका लागि पानी सञ्चित गरी भूमिगत जल भण्डारणमा महत्वपूर्ण भूमिका खेल्छ। चुरे क्षेत्रले जम्मा जंगलको ७३ प्रतिशत भूभाग पनि ओगटेको छ।

चुरे क्षेत्र जैविक, वातावरणीय र आर्थिक हिसाबले अति नै महत्वपूर्ण छ। चुरेले तराईको कृषियोग्य भूमि संरक्षण र उत्पादन वृद्धिमा योगदान गरेको छ। बाढीका बेला पानीको सतह नियन्त्रणमा यसको भूमिका अतुलनीय छ। चुरे अमूल्य वन स्रोतको पनि आधार हो। यस क्षेत्रमा पाइने जडीबुटीहरू अथाह छन्। असंख्य

**स्थानीय निकाय, राजनीतिक दल र सरोकारवाला निकायहरूबीच अन्तरक्रियाको साथै संरक्षणको लागि प्रतिबद्धता र ईमान्दारिता पनि उत्तिकै महत्वपूर्ण छ।**

वन्यजन्तु र चराचुरूंगीको बासस्थान पनि हो चुरे। यस क्षेत्रमा उल्लेख्य रूपमा मानव बसोबास पनि छ। धेरैजसो बाढीपहिरो र अन्य प्राकृतिक प्रकोपबाट पीडित हुनेहरू यहि क्षेत्रमा छन्।

चुरे पहाड अन्तर्गतको भावर क्षेत्रबाट पानीको पुनर्भरण भई तराईको उर्वराभूमीका लागि सिँचाइ तथा खानेपानीको स्रोत चुरे क्षेत्र रहेको छ जहाँ देशकै झन्डै ५० प्रतिशत जनता उक्त पानीमा आश्रित रहेका र नेपालको ८० प्रतिशतभन्दा बढी खाद्यान्नको भण्डारलाई उक्त पानीले सिँचाइ सेवा उपलब्ध गराएको छ।

चुरे क्षेत्रको संवेदनशीलतालाई मध्यनजर गर्दै नेपाल सरकारले चौथो पञ्चवर्षीय योजना (१९७०-१९७५) देखि नै यसको संरक्षणलाई महत्त्व दिँदै आएको थियो तापनि आर्थिक वर्ष २०६६/०६७ को नेपाल सरकारको नीति तथा कार्यक्रममा प्रथम राष्ट्रपति डा. रामवरण यादवले चुरेको विनाशमा चिन्ता व्यक्त गर्दै चुरे संरक्षणमा जोड दिएपछि चुरे संरक्षण कार्यमा कार्यक्रमले मुर्त रूप पाएको हो।

आर्थिक वर्ष २०६७/०६८ देखि राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमको रूपमा 'राष्ट्रपति चुरे संरक्षण कार्यक्रम' वन तथा भू-संरक्षण मन्त्रालय मार्फत सञ्चालन हुँदै आएक पनि आशातीत प्रगति हासिल गर्न सकेको छैन।

चुरे विनाशबाट सिर्जित भएका वा हुनसक्ने सम्भावित नकारात्मक असरलाई समेत न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन गरिएको छ।

तराई-मधेशलाई मरूभूमीकरण हुनबाट जोगाउन राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति गठन गरिए पनि सरकार फेरिएपिच्छे दलीय आस्थाका आधारमा पदाधिकारी परिवर्तन गर्ने चलन बसाइएको छ। विकास समितिमा वनमन्त्रीकै दलका कार्यकर्ता नियुक्त गरिंदैछ। चुरे संरक्षण प्राविधिक विषय भएकोले सम्बन्धित क्षेत्रका विज्ञहरू नआए जागीर खाने ठाउँ मात्र बनेको छ।

देश संघीयतामा प्रवेश गरिसकेको छ। अबको व्यवस्थामा चुरे कार्यक्रमको कार्यान्वयनमा स्थानीय निकायको जिम्मेवारी बढी हुन्छ। चुरे कार्यक्रमको भावना र संवेदनशीलतालाई बुझेर कार्यक्रम कार्यान्वयन गराउन स्थानीय निकाय प्राविधिक रूपले बलियो हुन जरूरी छ। स्थानीय निकायले आफ्नो दक्षता सिद्ध गरी संरक्षणका क्रियाकलापहरू सञ्चालन गर्न सके मात्र चुरे संरक्षण कार्यक्रमले लिएको लक्ष्य पुरा हुने देखिन्छ।

स्थानीय निकाय, राजनीतिक दल र सरोकारवाला निकायहरूबीच अन्तरक्रियाको साथै संरक्षणको लागि प्रतिबद्धता र ईमान्दारिता पनि उत्तिकै महत्वपूर्ण छ। संरक्षणको हरेक खुड्किलाहरूमा सुशासनको प्रत्याभूति पनि उत्तिकै जरूरी छ तब मात्र हामीले चुरे क्षेत्रको संरक्षण र चुरेबासीलाई जीविकोपार्जनको अवसरको सृजना गरी उनीहरूको भविष्यलाई सुनिश्चित गर्दै राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन सक्छौं।

## सातको सात बात



समाज अझै महिलामैत्री हुन नसक्नु आफैंमा दुःखद छ, लोकतान्त्रिक समाजमा महिलाविरूद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न सबै जागरूक हुनुपर्छ। **शेरबहादुर देउवा, सभापति, नेपाली कांग्रेस**



सामाजिक न्यायसहितको आर्थिक समृद्धिमार्फत समाजवादको आधार तयार पार्न पार्टी र सरकार अग्रसर रहेको छ। सबै जाति, क्षेत्र, लिङ्ग, समुदायको पहिचानसहितको समृद्धिबाटै राष्ट्रको उन्नति हुनसक्छ। **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**



सडक बालबालिकाले राज्यको अनुभूति गर्न पाएका छैनन्। जसको कोही छैन उसको राज्य छ भन्छौं तर, सडक बालबालिकाले राज्यको अनुभूत गर्न पाएका छैनन्। **उपेन्द्र यादव, उपप्रधान तथा कानून, न्याय तथा संसदीय मामिलामन्त्री**



घात र अपमान सहेर पनि समाजवादी पार्टी सरकारमा छ, अर्थात् २०७२ को संविधान संशोधनको मुद्दा जीवित नै छ। अपमानित गरेपछि समाजवादी पार्टी सरकारबाट बाहिरिन्छ र संविधान संशोधनको मुद्दा छल्न सकिन्छ भन्ने सरकारको अनुमान गलत साबित भएको छ। **सरिता गिरी, नेतृ, समाजवादी पार्टी**



नेपाल र भारत खुला सीमाबाट एकापसमा वारपार गर्ने दुई विशिष्ट सम्बन्ध भएका अलग देश हुन्। प्रत्येकले एक-अर्काका सबै कुरा बुझ्छौं, यस्तो परिस्थितिमा हामीबीच सानातिना विवाद हुनु खेलका नियम नै हुन्। **मन्जिभसिंह पुरी, नेपालका लागि भारतीय राजदूत**



मुलुकमा तीन तहको सरकार बनेपछि विकासले तीव्रता पाएको छ। हरेक कुरालाई निराशाका रूपमा हेर्ने हाम्रो प्रवृत्तिका कारण केही नभएको जस्तो प्रतीति हुनेगरेको मात्र हो। तर, विगत दुई वर्षको अवधिका धेरै राम्रा काम अगाडि बढेका छन्। **शंकर पोखरेल, मुख्यमन्त्री, प्रदेश ५**



म रविन्द्रजीकै पाँचवर्षे कार्यकालको बाँकी अवधिका लागि चुनिएकाले मेरा छुट्टै योजना छैनन्, रवीन्द्रका सपना वा योजना नै हाम्रा हुन् भनेर कांग्रेस उम्मेदवार खेमराज पौडेलले पनि भन्नुभएकै थियो। **विद्या भट्टराई, प्रतिनिधिसभा सदस्य, नेपाल कम्युनिष्ट पार्टी**

# राजनीतिक क्षेत्रका सिद्धहस्त कलाकारहरू

## विचार-विश्लेषण भाग-५०



**उपेन्द्र झा**

**वर्तमान सरकारले मधेशलाई कसरी तहसनहस पारेको, मधेशलाई अधिकार सम्पन्न बनाउने जनादेश पाएका राजनीतिक पार्टीहरू कसरी दलाल र गुलाम बने, यस्तै अवस्थामा समग्र मधेशको अस्तित्व कायम रहन सक्ला ? आदि विषय अहिले समीक्षाका लागि महत्वपूर्ण छ। मधेशका सकल बुद्धिजीवीहरूले चिन्तन गर्ने यो विषय निर्णय खोजी रहेको छ।**

एउटा संघर्षको जन्मदिन, अन्तरविरोधका प्रखर स्वरूप, राजनीतिक चेतना, परिस्थितिको अनुकूलता तथा अन्यायमा परेको संगठनको सक्रियता आवश्यक हुन्छ। यो तत्वहरूको सक्रियताले संघर्ष परिवर्तनको दिशामा अग्रसर हुन्छ। नेपाली राजनीति पनि संघर्षको प्राकृतिक स्वरूपबाट गुजिदै आएको छ।

राजनीतिक संघर्ष जनआकाँक्षा अनुरूप हक, अधिकारको सुरक्षणका लागि सरकार विरूद्ध केन्द्रित भएको हुन्छ। एकतन्त्रीय निरंकूश राणा शासनका विरूद्धको संघर्ष, राजतन्त्र तथा पंचायती व्यवस्था विरूद्धको संघर्ष, नवोदित प्रजातान्त्रिक सरकार विरूद्धको ठूलो जनसंघर्ष र मधेश विद्रोह नेपाली राजनीतिका उल्लेखनीय संघर्ष हुन्। यस आन्दोलनमा सयौंले शहादत दिए भने हजारौं घाइते तथा अपाङ्ग भएका छन्।

परिवर्तनका लागि राजनीतिक आन्दोलन गरियो। परिणाम पनि विद्यमान छ। तर यो परिणाम जनअपेक्षित हो वा वर्गीय राज्यसत्ताका हितका लागि, समीक्षा हुन जरूरी छ। संघीय लोकतान्त्रिक गणतन्त्रभित्र खसवर्गीय शासकहरूले कसरी आफ्नो निर्विकल्प स्वार्थ स्थापित गरेका छन्, जनताको जानकारीमा आउन सकेको छैन। जुन प्रणाली आए पनि खसवर्गीय हालीमुहाली कायम रहनु राजनीतिमा कहिल्यै समाधान हुन नसक्ने समस्या हो। यो समस्याले जहिले पनि संघर्षलाई आमूल परिवर्तनको दिशामा अग्रसर गर्छ।

२०४६ सालपछिको प्रजातान्त्रिक प्रणाली पनि सत्तामा हावी खसवर्गीय शासकहरूको सामन्ती चरित्रको पृष्ठपोषक बनेपछि राजनीतिक अराजकताको जन्म दिएको थियो, जसको प्रतिफल राजतन्त्रको सक्रियता बढ्यो, माओवादी द्वन्द्व जन्म्यो। मधेश आन्दोलनको सूत्रपात भयो। आफ्नो अस्तित्वलाई सत्तामा कायम राख्न शासकहरूले अनेक तिकडमी षड्यन्त्रद्वारा आन्दोलनलाई आफ्नो उद्देश्य विपरीत अन्यत्र मोड्न जहिले पनि सक्रिय देखाएका छन्। आन्दोलनका परिणाम आफ्नो हितमा पार्न शासकवर्ग सधैं सफल रहेका छन्। रणकौशलमा निपूण शासकहरूको पारस्परिक वैचारिक मतभेद बाह्य हस्तक्षेपमा गौण भई एकाढिक्का भएको संविधानसभामा देखिएका मजबूत उदाहरण हुँदैछ।

मधेशले परिवर्तनकारी आन्दोलनहरूमा सक्रिय सहभागिता मात्र देखाएन, सयौंको संख्यामा शहादत दिएपनि आफ्नो मूलभूत समस्या सम्बोधन नहुँदाको अवस्थामा "मधेश विद्रोह" भएको हो। मधेश विद्रोहबाट शासकहरू भयभीत भए। अढाई सय वर्षमा नेपाली जनतासँग मधेशीलाई भावनात्मक सम्बन्धद्वारा एकाकार हुन नदिई खसवर्गीय शासकहरूले भेदभावको जुन औपनिवेशिक पिंजडामा कैद गरी राखे, मधेश विद्रोह पश्चात् भेदभावका लक्ष्मण रेखा प्रष्ट रूपमा आएपछि पहाडी शासकहरू मतभिन्नता त्यागेर सबै एक भए। यही उसको सफलताका सोपान हो।

मधेशी जनअधिकार फोरमको नेतृत्वमा उठेको मधेश आन्दोलनताका सयौं सशस्त्र आन्दोलनकारी पार्टीहरू जन्मे। व्यक्तिगत स्वार्थमा आधारित ती पार्टीहरू केही मधेशका पार्टीहरूमा समाहित भए भने केही सम्झौता प्रक्रियाद्वारा शान्तिपूर्ण राजनीतिमा आए। मधेशलाई स्वतन्त्र राष्ट्रको रूपमा स्थापना गराउने उद्देश्य बोकेका सशस्त्र समूहका जयकृष्ण गोइत र ज्वाला सिंह मूलधारको राजनीतिभन्दा बाहिर छन्। २०६८ सालतिर पृथकतावादी आन्दोलनलाई शान्तिपूर्ण ढंगले चलाउन सकिन्छ कि भनेर नेपाली राजनीतिमा डा.सीके राउतको अवतरण भयो। महात्मा गाँधीको अहिंसात्मक आन्दोलनबाट प्रेरणा लिएर, रंगभेद विरूद्ध नेल्सन मण्डेलाका विचारलाई आत्मसात गरि शान्तिपूर्ण पृथकतावादी आन्दोलन चलाउने सीके राउतको सभामा जम्मा हुने लाखौंको संख्याले उसको महत्वाकाँक्षालाई विस्तारै बढाउँदै लग्यो।

पृथक हुनका लागि नभई समान अधिकारका लागि उठेको मधेश आन्दोलनबाट त राज्यको चित्त दुःखेको थियो। शान्तिपूर्ण ढंगले मधेशलाई अलग पार्ने विचार शासकहरूका लागि कसरी सह्य हुन सक्थ्यो। सीके राउतलाई समात्ने, यातना दिने, छोड्ने यो क्रम शुरू भयो। धेरै कार्यकर्ता पनि पकाउ परि मुद्दा खेपे। सभामा उल्लेख्य रूपमा आउने मधेशीहरू सीके राउत समातिदा रिहाईका लागि आन्दोलन गर्न नसक्ने देखेर सीके राउतका विचार विस्तारै गतिहीन बन्दै गयो। मधेशीले जगाई दिएको उच्च महत्वाकाँक्षाबाट प्रेरित सीके राउत मधेशका अन्य नाम चलेका नेताभन्दा धेरै माथिको हौसियतमा आफूलाई उभ्याउँदा कुनै अनौठो कुरा होइन। तर जुन अनुपातमा लोकप्रियताको ग्राफ बढेको थियो, समातिने र यातना सह्ने अवस्थामा ७ वर्ष बितिसक्दा पनि मधेश सीके राउतको रिहाईका लागि सडक आन्दोलन नगरि दिएकाले सोही अनुपातमा सिके राउतको मनोबल खस्कदै गयो। जसको लागि सीके राउतले संघर्ष थाले, उसलाई नै चासो नभएपछि उसमा वितृष्णा आउनु स्वाभाविकै थियो। त्यसकारण पृथकतावादी आन्दोलनलाई त्यागेर यथास्थितिवादी विचारका साथ मूलधारको राजनीतिमा आए।

हालै सिके राउतको "रंगभेद विरूद्धको एकता सभा" टुँडिखेलमा सम्पन्न भएको छ। ०३३ सालमा वी.पी. कोईराला पनि राजनीतिमा दिग्भ्रमित भई राजासँग "मेलमिलाप" को कार्यक्रम ल्याएका थिए। सोही सम्झनालाई सीके राउतले ताजा बनाएका हुन्। मधेशमा लाखौं मानिसको भेला गराउन सक्ने सीके राउत हालैको चुनावमा आफ्नो हैसियत केही नरहेको देख्दा दुःख लाग्नु स्वाभाविक हो।

स्वर्ण पदक धारक सिके राउत वैज्ञानिक रूपमा आफ्नो योग्यताको समुचित प्रयोग गरि देशलाई नयाँ आविष्कार दिन सक्ने क्षमता राख्दछ। राजनीतिक घरातलमा यस विद्वताको कुनै अर्थ छैन। भर्खरै नेपालका प्रखर राजनेता केपी शर्मा ओलीसँग मितेरी गाँसेर मूलधारको राजनीतिमा आएका सीके राउत राजनीतिभन्दा विज्ञान क्षेत्रमा राष्ट्रलाई बढी योगदान दिन सक्ने व्यक्तित्व भएकोले सोही क्षेत्रमा स्थापित हुन युक्तिसंगत हुनेछ।

रंगभेद हटाउन प्रहसन सभाले होइन, भीषण संघर्षद्वारा हटाउन सकिन्छ। चर्को अन्तरविरोधलाई मेलमिलाप को माध्यमबाट हटाउने प्रयास घोर अवसरवादी चरित्र हो, यसले मधेशलाई ७ साल होइन, पचासौं वर्ष गुमराह बनाएर राख्न सक्दछ। आफ्नो स्वार्थलाई जनताको माग बनाउने छदम्वेशी राजनीतिलाई जनताले यो बितेकै १६ वर्षमा राम्ररी बुझिसकेका छन्।

आफ्नो सुरक्षाका लागि सन्यासीको रूप धारण गर्ने अपराधीहरू जस्तै मधेशमा अधिकारवादी आन्दोलनको नाउँमा "ईजी मनी" कमाउने गुलाम ठेकेदारहरूको संस्था दिनानुदिन बढ्दै गएको छ। प्रदेश नं. २ बाहेकको मधेशमा पहिचान विस्तारै हराउँदै गएको छ भने प्रदेश नं. २ मा रहेको मधेश सरकार चरम आर्थिक अनियमितामा शिकार भई जनअपेक्षा पूरा गर्न सक्षम देखिई रहेको छैन। यसरी समग्र मधेश पहिचान, समान अधिकार आधिकार लागि उकुस मुकुसको अवस्थामा पीडा भोगीरहेका छन्। समग्र मधेशको विश्रृंखलित अवस्थाप्रति गुलामी भूमिकामा रहेको समाजवादी पार्टी तथा राजपा कसैको चासो नरहेकोले मधेश दयनीय अवस्थामा छ।

वर्तमान सरकारले मधेशलाई कसरी तहसनहस पारेको, मधेशलाई अधिकार सम्पन्न बनाउने जनादेश पाएका राजनीतिक पार्टीहरू कसरी दलाल र गुलाम बने, यस्तै अवस्थामा समग्र मधेशको अस्तित्व कायम रहन सक्ला ? आदि विषय अहिले समीक्षाका लागि महत्वपूर्ण छ। मधेशका सकल बुद्धिजीवीहरूले चिन्तन गर्ने यो विषय निर्णय खोजी रहेको छ। घोर अवसरवादको दलदलबाट मधेशको अधिकारवादी आन्दोलनलाई बाहिर ल्याएर समग्र मधेशको पहिचान, समान अधिकार कायम गराउन अग्रसर हुन वुद्धिजीवीहरूको दायित्व हो। सही मार्गलाई चिनौं, चिन्हाऔं र अग्रसर होऔं।

*janukjha24@gmail.com*

# महिला...

तराई-मधेशमा 'दहेज' प्रथा यत्ति व्याप्त छ कि ५/१० लाख केटा पक्षलाई दिनु त सामान्य मानिन्छ। यही दहेज लिने दिने प्रथाले गर्भमै लिंग परीक्षण गरी छोरी भएमा गर्भपतन गराउनेको संख्या दिनानुदिन बढ्दै गईरहेको छ। यस्ता समस्यालाई यो अभियानले छुन सकेको देखिदैंन। दाइजो कम ल्याएको निहुँमा शारीरिक तथा मानसिक यातना दिनु र आत्महत्या गर्ने अवस्थासम्म पुऱ्याउने पुरूषलाई यो अभियानले चेतना दिन सकेको छैन भने महिलाहरूको अधिकारको विषयमा समेत सचेतना फैलाउन आवश्यक ठानेको देखिंदैन।

नेपालले महिला विरूद्ध हुने सबै खाले भेदभाव उन्मुलन गर्ने महासन्धि १९७९ लाई १९९१ मा अनुमोदन गरेको छ। सन् १९९५ मा संयुक्त राष्ट्रसंघले चीनको बेइजिङमा आयोजना गरेको चौथो विश्व महिला सम्मेलनमा लैंगिक मूलप्रवाहीकरणलाई प्रमुख रणनीतिमा राखेको छ। संयुक्त राष्ट्रसंघले लैगिंक समानता र सशक्तिकरणलाई दिगो विकासको लक्ष्यमा समेत राखेको छ।

नेपालको संविधानले मानिसहरूका बीचमा लिङ्ग, जातीय उद्गम, रङ, राजनीतिक आस्था वा धार्मिक झुकाव वा यौनिक झुकाव जस्ता कुनै पनि आधारमा विभेद गर्न नपाइने कुरालाई आधारभूत मानव अधिकारको रूपमा स्वीकार गरेको छ। महिला पुरूष दुवैलाई राज्यद्वारा प्रदत्त हक अधिकार उपभोग गर्ने र समान रूपमा कानुनी संरक्षण प्राप्त हुने व्यवस्था नेपालको संविधानको धारा १८ मा छ। समानताको हक अन्तर्गत यस धाराको उपधारा (१) मा सबै नागरिक कानुनको दृष्टिमा समान हुने कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने व्यवस्था छ। त्यसैगरी उपधारा (२) मा सामान्य कानुनको प्रयोगमा लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्थालगायत अन्य कुनै पनि आधारमा भेदभाव नगरिने व्यवस्थाले महिलालाई पुरूष सरह हरेक हक प्राप्तिमा समान बनाएको छ।

महिलाको विशेष प्राकृतिक अवस्थाले गर्दा उनीहरूलाई केही विशेष प्रकारका हकहरू पुरूषलाई भन्दा छुट्टै रूपमा प्रदान गरिनु पर्छ। त्यसैले संविधानले महिला वर्गको हकलाई संविधानको मौलिक हक खण्डको धारा ३८ (२) मा "महिलाको हक" अन्तर्गत "प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ' भन्ने व्यवस्था गरिएको छ।

यसरी नेपालको संविधानले महिलामाथि कुनै विभेद गर्न नहुने, बोक्सी प्रथा, छाउपडी प्रथा जस्ता कुप्रथाहरू अन्त्य भएको घोषणा गरेको लामो समय भयो। महिलाका सवालहरूमा दिनहुँ सभा, सम्मेलन, गोष्ठीको आयोजना गर्ने गरिन्छ, विभिन्न गैरसरकारी संस्थाको सहयोगमा महिलाका सवालहरूमा होटेलका कोठाहरूमा कार्यक्रमहरू आयोजना गरिन्छ र त्यही समस्या यस्ता छन् भनेर उठाइन्छ र समाधानका उपायहरू निकालिन्छ तर ती सभाहरूले निकालेका निष्कर्ष अपेक्षित समुदायसम्म पुगेको छ कि छैन त्यसको निगरानी कसले गर्ने ?

महिला हिंसा विरूद्धमा हुने अभियानहरूको प्रभावकारिताका सवालमा अनुगमन कसले गर्ने ? संविधानमा जे लेखिए पनि जति नै अभियान चलाइए पनि जबसम्म पुरूषले महिलाका सवालहरूमा बोल्दैनन्, महिलाहरू आर्थिक, शैक्षिक रूपमा सक्षम बन्दैनन् छोरा र छोरी समान हुन् भन्ने चेतना समाजमा फैलाउन सकिंदैन तबसम्म महिलाका सवालमा गरिने हरेक बहस, छलफल, सभा, सम्मेलनको कुनै औचित्य रहँदैन।

# अहिलेसम्म महाधिवेशन नहुनु दुर्भाग्य

**निश्चितरूपमा पार्टी एकल नेतृत्वमा जानुपर्छ । त्यसका लागि बाटो भनेको त्यही महाधिवेशन नै हो । नेतृत्व र नीति चयन र विधान परिमार्जन महाधिवेशनबाट नै हुन्छ । त्यसकारण महाधिवेशन नितान्त आवश्यक हो ।**



लक्ष्मण लाल कर्ण

सहअध्यक्ष, राष्ट्रिय जनता पार्टी नेपाल

**o उपनिर्वाचनको मत परिणामले के संकेत गरेको छ ?**

– राजपा नेपालले स्थानीय तहको उपनिर्वाचनमा भाग लिएको थियो । संघीय संसद र प्रदेश संसदको खाली रहेको ठाउँमा भाग लिएको थिएन । स्थानीय तहमा स्थानीय समस्या नै बढी हुन्छ र राजनीतिक समस्या कम हुन्छ । त्यसकारणले हामी कुनै ठाउँमा हार्‍यौं भने कुनै ठाउँमा जित्यौं । हामीले खोजेजतिको परिणाम नपाए पनि सन्तोषजनक नै छ ।

**o तपाइँहरूले अपेक्षा गरेअनुसारको परिणाम आएन ?**

– हाम्रो परिणाम सन्तोषप्रद नै छ । एउटा गाउँपालिका अध्यक्षमा राजपाले गुमायो । बाँकी परिणाम त ठिकै छ ।

**o पिपरा गाउँपालिका किन गुम्यो त ?**

– जनताको मत हो, चुनावमा जनताले जे परिणाम दिन्छ त्यसलाई स्वीकार गरिकन अगाडि बढ्नुपर्छ । हामीले पनि त राम्रै मत पाएका छौं, हाम्रो मत त कम भएको छैन । तर, जित्न सकेनौं । चुनावमा जीतहार त हुन्छ नै, यसलाई प्रतिष्ठाको विषय बनाउनु हुँदैन ।

**o चुनावी समीक्षा राजपाले किन गरेन ?**

– हामी केही सीमित ठाउँमा मात्र चुनाव लडेका थियौं । यसमा सम्पूर्ण नेता कार्यकर्ता लागेका थिए, यसलाई हामीले सामान्यरूपमा नै लिइरहेका छौं, प्रतिष्ठाको विषय बनाएका छैनौं । स्थानीय तहमा हामीले प्रतिस्पर्धा गरेका थियौं, केही ठाउँमा हार्‍यौं भने केही ठाउँमा जित्यौं । यो कुनै ठूलो निर्वाचन थिएन कि जसलाई समीक्षा नै गर्नुपर्छ । त्यसकारण, समीक्षा गर्नुपर्ने कुनै खास कारण छैन ।

**o केही राष्ट्रिय सभा सदस्यहरूको पदरिक्त हुँदैछ, राजपाका पनि दुई जना सांसदको समयावधि सकिँदैछ । राष्ट्रियसभा चुनावका विषयमा के हुँदैछ ?**

– राष्ट्रियसभा सदस्यको पदावधि अहिले बाँकी नै छ, आजैदेखि खाली मानेर कसरत गर्ने होइन । पहिला पदरिक्त होस्, चुनावको प्रक्रिया सुरू हुन्छ त्यसपछि पार्टीले निर्णय गर्छ ।

**o अहिले त्यो विषय राजपाका लागि प्राथमिकतामा छैन ?**

– अहिले नै किन त्यो विषयमा बहस गर्ने ? अहिले हाम्रा पार्टीबाट राष्ट्रियसभाका सदस्य छँदैछन्, पदावधि बाँकी नै छ भने आजैदेखि त्यो विषयमा सोच्नुपर्ने कुनै बाध्यता नै छैन ।

**o संघीय संसदको सभामुख पद अहिले रिक्त छ, राजपा नेता महन्थ ठाकुर ज्येष्ठ सदस्यको हैसियतले उहाँको पनि चर्चा छ । राजपाको के धारणा ?**

– सभामुख बन्ने भनेको ५०+१ ले हो । हाम्रो पार्टीको उपस्थिति त्यस्तो छैन । त्यसकारणले राजपाले सभामुख पाउनुपर्छ भन्ने कल्पना गरेको छैन । जहाँसम्म ठाकुरजीको कुरा छ, उहाँले कतै भन्नुभएको छैन कि म सभामुख बन्छु, न अन्य कुनै पार्टीले त्यस्तो चर्चा गरेको छ । अब कसले कहाँ-कहाँ गर्छ, त्यो हल्लाको पछाडि त हामी लाग्ने होइन नि ।

**o ठाकुरजी सभामुख बन्ने चर्चामा कुनै सत्यता छैन ?**

– यो हल्ला मात्रै हो । दुई/चारवटा अनलाइन मिडियाले जे मन लाग्छ त्यो लेखिदियो भने त्यसको आधिकारिकता के त ? केही आधिकारिक प्रमाण त हुनुपर्छ नि ।

**o यदि राजपालाई सभामुखको प्रस्ताव आयो भने ?**

– यदि राजपालाई सभामुख दिने प्रस्ताव आयो भने पार्टीमा छलफल गर्छौं । यदि आउँछ भने यदि सोच्छौं । छोरा जन्मिन्छ कि छोरी जन्मिन्छ त्योभन्दा अगाडि नै नाम राखेर हिंड्ने हो भने यो राजनीतिक कुरा भएन ।

**o तपाइँहरूले उठाउँदै आएको मागका विषयमा मौन देखिनुभएको छ नि ?**

– हामी त दुई वर्षदेखि संविधान संशोधन र मुद्दा फिर्ताका लागि संसदमा लडिरहेका छौं । हामी आफ्नाका लागि काम गरिरहेका छौं, हामी मौन बसेका छैनौं । आफ्नो शक्तिले भ्याएसम्म त्यसमा प्रयास गर्छौं । त्यसै कारण हामी विपक्षमा पनि बसेका छौं ।

**o) राजपाको महाधिवेशन मिति दुई-दुई पटक असफल भइसक्यो, महाधिवेशन तयारीको अवस्था के छ त ?**

– महाधिवेशनको समय दुई चोटि सारियो यो सत्य कुरा हो । पार्टीले महाधिवेशन गर्नैपर्छ त्यसमा दुईमत हुनै सक्दैन । अहिले जिल्ला-जिल्लामा तदर्थ समितिहरूको निर्माण भएका छन्, अधिवेशन प्रक्रियामा अगाडि बढेको होइन । अधिवेशन प्रक्रिया अर्को हुन्छ, समिति निर्माण अलग प्रक्रिया हुन्छ । निर्देशिका तय गरेर अहिले हाम्रो पार्टीले वार्ड, गाउँपालिका, नगरपालिका, क्षेत्रीय र जिल्लामा तदर्थ कमिटी निर्माण गर्दैछ । यो अधिवेशनको तयारी होइन, त्यसका लागि त सक्रिय सदस्यता बाँड्नुपर्ने, प्रतिनिधिहरू तयार गर्नुपर्ने हुन्छ । ती कामहरू अहिले सुरू भएको छैन । महाधिवेशनबाहेक पार्टीको जीवनमा अन्य कुनै घटना महत्वपूर्ण हुनसक्दैन । पार्टीलाई जीवन्त राख्ने सबभन्दा ठूलो उपाय नै महाधिवेशन हो । तर, अहिलेसम्म हुनसकेन यो दुर्भाग्य हो ।

**o महाधिवेशनका लागि आफैले तोकेको दुई-दुई चोटिको मितिमा हुनसकेन, किन ?**

– कारण एउटै हो, हामीले गरेनौं । हामीले दुईचोटि महाधिवेशनको मिति तय गर्‍यौं, क्यालेन्डर बनाएर अगाडि बढेको भए आज भइसकेको हुन्थ्यो । क्यालेन्डर बनेन, काम भएन ।

**o भनेपछि नेतृत्वपंक्तिले नै महाधिवेशन गर्न चाहेन ?**

– पार्टीको दृष्टिकोणले हेर्ने हो भने, ६ पार्टीको अध्यक्षमण्डल छ, समयमा महाधिवेशन भएन भने आखिर जिम्मेवारी ६ जनाले नै लिनुपर्छ ।

**o महाधिवेशन हुन नसक्दा नेता कार्यकर्ताहरूमा व्यापक असन्तुष्टि र आक्रोश बढ्दै गएको हो नि ?**

– खासगरी अध्यक्षमण्डले गर्दा समस्या देखिएको हो । जिल्ला-जिल्लामा पनि यही समस्या थियो । तर, हामीले तदर्थ समिति बनाएका छौं । वार्ड, गाउँपालिका, नगरपालिका, जिल्लामा अहिले हामी एकल नेतृत्वमा अगाडि बढेका छौं । निश्चितरूपमा पार्टी एकल नेतृत्वमा जानुपर्छ । त्यसका लागि बाटो भनेको त्यही महाधिवेशन नै हो । नेतृत्व र नीति चयन र विधान परिमार्जन महाधिवेशनबाट नै हुन्छ । त्यसकारण महाधिवेशन नितान्त आवश्यक हो ।

**o तर, महाधिवेशनप्रति नेतृत्व किन गम्भीर देखिदैन ?**

– नेतृत्वले त केही काम अहिले प्रारम्भ गर्‍यो नि । अहिले तदर्थ समिति निर्माण गर्ने काम सुरू भयो, एउटा संरचनामा आएको छ । ६ जना अध्यक्षका कारण जिल्लामा जुन द्वन्द्व थियो त्यो त समाप्त भएको छ ।

**o समाजवादी पार्टीसँग एकीकरणका लागि लामो समयदेखि चर्चा चल्दै आएको छ, यो एकता चर्चाले पनि महाधिवेशनलाई प्रभावित गरेको हो कि ?**

– एकताको कुरा त माथि-माथि बसेका नेताहरूबीच मात्रै छ, तल-तल कुनै कुरै चलेको छैन । एकता भयो भने राम्रो हुन्छ, जनताको अपेक्षा पनि त्यही हो । तर रातारात एकता हुने कुरा होइन । किनभने पार्टी एकतामा नेतृत्व र नीतिको कुरा पहिले समाधान गर्नुपर्ने हुन्छ । दुई पार्टीको नीति के रहने, एजेन्डा के रहने, नेतृत्व कुन किसिमबाट समायोजन गरेर अगाडि बढ्ने यी कुराहरू टुंगो दुई/चार दिनमै लाग्दैन । यो एउटा प्रक्रिया हो । त्यसले महाधिवेशनलाई प्रभावित गर्न सक्दैन ।

**o तर, एकताकै चर्चाले महाधिवेशनमा जुट्न नसकेको गुनासो पनि छ नि ?**

– एकताकै चर्चाले महाधिवेशन हुन सकेन भन्ने कुरा होइन । दुईचोटि एकताको चर्चाले महाधिवेशन प्रभावित भएको होइन । तर, तेस्रो मिति किन तय भएन यो महत्वपूर्ण कुरा हो । महाधिवेशन गर्नैपर्छ, अर्को उपाय नै छैन ।

**o पहिला एकता गरौं, त्यसपछि महाधिवेशन जाऔं भन्ने कुराहरू पनि उठेको छ ?**

– पार्टीमा धेरै किसिमका नेताहरू छन्, सबैले आआफ्नो धारणा राख्दैछन् । तर, पार्टीको त्यसमा आधिकारिक निर्णय छैन । जसको मनमा जे लाग्यो त्यो बोलेका होलान् । त्यो पार्टीको धारणा हुँदैन ।

**o राजपाले समाजवादीसँग एकताका लागि सरकारबाट बाहिरिनुपर्ने शर्त राखेको छ, यसले एकतामा ढिलाई भइरहेको हो ?**

– यस्तो कुरा कसले गर्छ, कहाँ बोल्छ यो मलाई थाहा हुँदैन । पार्टी एकता गर्ने हो भने हामी विपक्षमा बसेका छौं भने तपाइँ पनि एउटै पोजिसनमा उभिनुस् भन्ने धारणा आफ्नो ठाउँमा होला । तर, तिमी आजै गर भोली नै गर्छौं भन्ने कसैले त भनेको छैन नि । समाजवादी सरकारमै रहेकोले एकता भइरहेको छ भन्ने कुरा होइन ।

**o तर, राजपाका संयोजक राजेन्द्र महतोले नै यस्तो कुरा भन्नुभएको हो नि ?**

– यसलाई दुई कोणबाट हेर्नुस्, राजेन्द्रजी पार्टीको पनि संयोजक हुनुहुन्छ र वार्ता समितिको पनि । जुन बेला समाजवादीसँग एकताको कुरा चलेको थियो, त्यतिबेला पनि समाजवादी सरकारमै थियो । त्यसकारणले सरकारमा रहेकाले एकता हुँदैन भन्ने कुरा उहाँको व्यक्तिगत सोच हो । तर, सकारबाट बाहिर आउने कुरा त समाजवादीको हो । हामीलाई त्यो कुरा रूच्दैन भने हामी मिल्दैनौं । सरकारमा बस्नु वा बाहिर आउनु दोस्रो कुरा हो । हाम्रो प्राथमिकता भनेको हामी मधेशकेन्द्रित दल हौं र यसलाई पहाडसम्म पुर्‍याउन खोजिरहेका छौं ।

# नेपाल र नेपालीको अस्तित्व जोगाउन हिन्दूराष्ट्र हुनैपर्छ



सन्तोष पटेल

अध्यक्ष, हिन्दू परिषद् नेपाल

**विश्वमा नेपाल मात्रै एउटा हिन्दूराष्ट्र थियो र हिन्दूहरूको अस्तित्व मेटाउनका लागि इस्लामिक र इसाईयीकरण मेसिनरीले राष्ट्रिय नेताहरूलाई किनमेल गरेर रातारात नेपाललाई धर्मनिरपेक्ष बनाइयो । जनतालाई झुक्याएर नेताहरू विदेशीको इशारामा नेपाललाई धर्मनिरपेक्ष बनाएका छन् । त्यसैले धर्मनिरपेक्ष आयातित शब्द हो ।**

**o तपाइँले यही वर्षभित्र नेपाल पुनः हिन्दू राष्ट्र घोषणा हुने दाबी गर्नुभएको छ, कस्तो छ तयारी ?**

– हामीले विभिन्न मञ्चहरूमा भन्ने गरेका छौं कि आगामी चैत मसान्तसम्म नेपाललाई फेरि हिन्दू राष्ट्र घोषणा गराउने । देशमा अहिले राम्रो माहौल बनिरहेको छ । आफ्नो धर्म र संस्कृतिको रक्षाका लागि नेपालीहरू हातेमालो गरेर एकीकृत भइरहेको अवस्था छ । विदेशमा नेपालीहरू पनि आफ्नो पहिचानका लागि सजग भइरहेको अवस्था छ । त्यसैले, अहिले हिन्दू राष्ट्रको पक्षमा एक राम्रो माहौल बन्दै गएको हो । विभिन्न राजनीतिक दलहरूमा पनि हिन्दू राष्ट्रको बहस चलिरहेकोले राजनीतिक दलहरूमा कुन दिन भूकम्प आउने हो, त्यसको ठेगान छैन । त्यसैले नेताहरू पनि हिन्दूराष्ट्रप्रति सकारात्मक हुँदै गइरहेका छन् । अब चाँडै राष्ट्रिय गठबन्धन निर्माण गर्दैछौं । पुसदेखि हामीले एक्सन ओरिएन्टेड कार्यक्रमहरू सञ्चालन गर्न गइरहेका छौं ।

**o यो वर्षको अन्त्यसम्म नेपाल हिन्दू राष्ट्र हुन्छ त ?**

– हो । किनभने नेपाललाई पुनः हिन्दू राष्ट्र बनाउनुपर्छ भन्ने कुरा अन्तर्राष्ट्रिय समुदायले दबाब दिइरहेको अवस्था छ । हाम्रा नेताहरूले पैसाका लागि मात्र हिन्दू हटाएर धर्मनिरपेक्ष बनाएको कुरा आमनेपाली जनताले बुझिसकेका छन् । विश्वमा धेरै मुलुकहरू आफ्नो धर्मको नामले चिनिएका छन् । विश्वभरिका हिन्दूहरूको आस्थाको केन्द्र भनेको नेपाल नै हो । त्यसैले, विश्वकै सबै हिन्दू धर्मावलम्बीहरूको पनि चाहना यही रहेकोले अब हिन्दू राष्ट्र घोषणा हुन्छ ।

**o नेपाललाई हिन्दू राष्ट्र बनाउन अन्तर्राष्ट्रिय दबाब पनि छ ?**

– स्वाभाविकरूपमा विश्वको जुनसुकै ठाउँमा बस्ने हिन्दूहरूको आस्थाको केन्द्र नेपाल नै हो । उनीहरूको पनि सुभेक्छा छ कि नेपाल हिन्दू राष्ट्र नै हुनुपर्छ । खासगरी नेपालीहरूको पहिचान नै हिन्दू राष्ट्रसँग जोडिएकोले नेपाललाई हिन्दू बनाउन अति नै आवश्यक छ । धर्मनिरपेक्षको आडमा नेपालमा विभिन्न शक्तिकेन्द्रहरू चलखेल गरिरहेका छन् । धेरै मात्रामा धर्म परिवर्तन भयो भने यो मुलुक विखण्डनतिर जाने खतरा रहेको छ । नेपालमा इसाई र इस्लामिक मेसिनरीहरूले तीव्रगतिले काम गरिरहेकोले समाजमा ठूलो खाडल ल्याउँछ र विद्रोह गराउँछ । मुलुकलाई विखण्डनबाट जोगाउन र सम्पूर्ण नेपालीहरूलाई एक सूत्रमा बाँध्न हिन्दूराष्ट्र हुनैपर्छ ।

**o धर्मनिरपेक्षताले मुलुक कसरी विखण्डन हुन्छ त ?**

– धर्मनिरपेक्षको आडमा जबरजस्ती हिन्दूहरूलाई धर्म परिवर्तन गराइरहेका छन् । धर्म धेरै परिवर्तन भयो भने सामाजिक विद्रोह ल्याउँछ । किनभने जुन ठाउँमा पहिले हिन्दू र मुस्लिम समुदाय मिलेर बसिरहेका थिए, तर जबदेखि आयातित मुस्लिमहरू प्रवेश गरे अनि हिन्दूमाथि तराईमा आक्रमणका घटनाहरू धेरै भइरहेका छन् । पहाडका जिल्लाहरूमा दिदीबहिनीहरूसँग लभजिहादको नाउँमा जबरजस्ती प्रेम विवाह गर्ने र मुस्लिम धर्म लाद्ने कार्यहरू पनि भइरहेका छन् । पहाडका जिल्लामा जबरजस्ती धर्म परिवर्तन गराउने, हिन्दूलाई क्रिष्चियन बनाउने लगायतका कार्यहरू भइरहेका छन् । धेरै धर्म परिवर्तन भयो भने उनीहरूले पनि भोली आफ्नो राज्य माग्न सक्छ, अनावश्यक बखेडाहरू गर्न थाल्छन् र मुलुकलाई विखण्डनतिर लान्छ । केही दिन अगाडि नेपाललाई क्रिश्चियन राष्ट्र घोषणा गराउनका लागि काठमाडौंमा पनि कार्यक्रम भएकै हो । तर, त्यसबाट नेपाली जनता सजग छन् । नेपाल हिन्दूराष्ट्र हुँदा कुनै धर्मावलम्बीमाथि खतरा थिएन । मुस्लिम, क्रिश्चियन कन्ट्री र खासगरी युरोपियन युनियनले पैसाको खोलो बगाएर नेपाललाई जबरजस्ती धर्मनिरपेक्ष बनाइएको हो ।

**o नेपाल हिन्दूराष्ट्रबाट धर्मनिरपेक्ष कसरी भयो त ?**

– जब राजालाई हटाइयो त्यो बेला विभिन्न शक्तिकेन्द्रहरूले नेपाललाई अशान्त बनाउन यस्तो षड्यन्त्र गरेका छन् । विश्वमा नेपाल मात्रै एउटा हिन्दूराष्ट्र थियो र हिन्दूहरूको अस्तित्व मेटाउनका लागि इस्लामिक र इसाईयीकरण मेसिनरीले राष्ट्रिय नेताहरूलाई किनमेल गरेर रातारात नेपाललाई धर्मनिरपेक्ष बनाइयो । धर्मनिरपेक्ष कुनै पनि दलको एजेन्डा थिएन । जनतालाई झुक्याएर नेताहरू विदेशीको इशारामा नेपाललाई धर्मनिरपेक्ष बनाएका छन् । त्यसैले धर्मनिरपेक्ष आयातित शब्द हो ।

**o नेपालमा राजतन्त्र हुँदा हिन्दूराष्ट्र थियो, राजतन्त्र हट्दा धर्मनिरपेक्ष भयो । भनेपछि हिन्दूराष्ट्र कायम गराउन पुनः राजतन्त्र चाहिन्छ कि ?**

– हिन्दूराष्ट्र र राजा फरक-फरक विषय हो । नेपालको पहिचान राजाबाट भएको छैन, हिन्दूराष्ट्रबाट नेपालको पहिचान विश्वमा भएको हो । हिन्दूराष्ट्रको कुरा गर्दैमा राजावादी भइँदैन । केही राजावादी हिन्दू हुनसक्छन् तर सबै हिन्दू राजावादी होइनन् । हाम्रो प्रष्ट मान्यता छ कि यो देशमा शासन जसले गरोस् तर नेपाल हिन्दूराष्ट्र हुनुपर्छ । हामी राजाको समर्थक होइनौं ।

**o हिन्दूराष्ट्र र राजसंस्थासँग केही न केही त कनेक्सन छ नि ?**

– हैन, राजा भनेको छुट्टै विषय हो । राजावादीहरूले के गर्छन् त्यो उहाँहरूको विषय हो । हामी राजाको वकालत गर्दैनौं । नेपाली पहिचान भनेको हिन्दूराष्ट्र हो, त्यसैले हिन्दू परिषद् आफ्नो अभियानका साथ अगाडि बढिरहेको छ । हामी चाडै नै एउटा राष्ट्रिय गठबन्धनको माध्यमले अभियान चलाउँछौं । अहिले हामीले लाखौं नेपालीहरूलाई संगठित गरेका छौं । राजा र हिन्दूराष्ट्र दुइटै फरक-फरक विषय हुन् ।

**o तपाइँहरू राजाबाट परिचालित हुनुहुन्छ कि भन्ने आशंका पनि गरिँदैछ नि ?**

– हामी कहींबाट परिचालित छैनौं । हिन्दूको कुरा गर्दैमा राजावादी भइँदैन । इसाई र इस्लामिक देशका केही एजेन्टहरूले यस्ता प्रचारबाजी गरेका होलान् । म गेरूवा वस्त्र गराउँछु भने कसै-कसैले भन्छन् कि भारतबाट परिचालित हो । के भारतीयले मात्रै गेरूवा वस्त्र लगाउन सक्छन् ? नेपालीको छोराले लगाउन सक्दैनन् भन्ने कहाँ लेखेको छ ? जो पनि हिन्दूप्रति आस्थावान छन्, सबैले आआफ्नो तरिकाले वस्त्र लगाउने, पूजापाठ गर्ने मौलिक हक हो ।

**o नेपालमा बलीप्रथाको पनि विरोध भइरहेको छ, तर तपाइँहरूले त्यसलाई धार्मिक आस्थामाथिको प्रहारको हेर्नुहुन्छ । बली दिनुपर्छ भन्ने कुरा कुन धर्म वा शास्त्रमा लेखिएको छ ?**

– विश्वमा पहिले आएकै सनातन धर्म हो, त्यसबाटै कपिपेस्ट गरेर अन्य धर्महरू पैदा भएका छन् । सनातन धर्ममा देवीलाई बली चढाइन्छ । आस्थाले लड्डु चढाउने वा नरिवल वा चुनरी चढाउने हो त्यो श्रद्धा गरिन्छ । तर, आज गढीमाईको बलीलाई एउटा प्रोपोगण्डा बनाइदिएको छ । गढीमाई मान्छेहरूले आस्थाले बली चढाउँछन् । त्यहाँ कहीं पनि लेखिएको छैन कि गढीमाईमा आउँदा बली नै चढाउनुपर्छ । मान्छेको आस्था हो, उसले भाकल गरेको कुरा पूरा हुन्छ भने उसले श्रद्धाले बली चढाउँछन् । यदि बली बन्द गर्ने हो भने सबै प्रकारका बली बन्द गरिनुपर्छ । खाली हिन्दूका लागि मात्रै यस्तो कुरा उठ्छ ? यसबाट नै प्रष्ट हुन्छ कि हिन्दूको अस्तित्व समाप्त गर्नका लागि ठूलो षड्यन्त्र भइरहेका छन् ।

**o बलीप्रथाको विकल्प के हुनसक्छ ?**

– यसको विकल्प छन् । मन्दिर जाँदा कहीं पनि लेखिएको हुँदैन कि बली चढाउनुपर्छ । बली चढाउने भनेको श्रद्धाले हो । जसले बलीप्रथा बन्द गर्नुपर्छ भन्छन् उनीहरू नै मासु खान्छन् । हिन्दूत्वको अस्तित्वलाई समाप्त पार्न केही विदेशी शक्तिहरू लागेका छन् ।

**o तपाइँले आफ्नो संगठनलाई आन्दोलनका लागि तयार रहन निर्देशन दिनुभएको छ, कस्तो आन्दोलन ?**

– हाम्रो राष्ट्रिय सम्मेलन हुँदैछ । हिन्दूराष्ट्र हाम्रो एकसूत्रीय माग हो । नेपालीको पहिचानका लागि जे कुर्बानी दिनुपर्छ त्यसका हाम्रा साथीहरू मानसिकरूपमा तयार हुनुपर्छ । त्यो तयारीका लागि पनि राष्ट्रिय सम्मेलन हुँदैछ । सम्मेलनपछि देशभरि हामीले रिले अनसनका कार्यक्रमहरू गर्छौं । संसद भवन घेराउदेखि लिएर विभिन्न प्रमुख व्यक्तिहरूलाई ज्ञापनपत्र बुझाउने लगायतका चरणबद्ध कार्यक्रमहरू छन् । पुसदेखि हामी एक्सन ओरिएन्टेड कार्यक्रममा लाग्छौं ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# पहिला देश अनि राजनीति



मनोज कुमार कर्ण

गत ३ नोभेम्बरका दिन भारत सरकारले उसको विदेश मन्त्रालयको सर्वे विभागबाट निकै पहिलादेखि नसुल्झिएको मुद्दा कालापानी, लिपुलेक, लिम्पियाधुरा आदि नेपाली भू-भागलाई समेटेर निकालिएको नक्साले गर्दा दुवै देशमा बेचैनी बढेको छ । नेपालमा सडक तथा सदनमा मान्छे आफ्नो भागको माग गरिरहंदा भारतले नेपालको यस भारतलक्षित तनावलाई सम्बोधन गर्न धेरै चोटी विदेश मन्त्रालयमार्फत् अवस्था स्पष्टपार्न पत्रकार सम्मेलन गर्नुपरेको हो भने नेपालस्थित भारतीय कूटनीतिज्ञहरू पनि तनावमा रहेको देखिन्छन् जुन स्वाभाविक हो ।

नेपालका प्रधानमन्त्री अस्वस्थ्य छन् भने परराष्ट्रमन्त्री सचिवसंगै यति गम्भिर मुद्दा देशबारे रहेपनि अति जरूरी नभए पनि साता दिनसम्म विदेश भ्रमणमा जान्छन् भने विभागीय मन्त्रीको निराशाजनक अभिव्यक्ति आउंछ 'हामीले पठाएका कूटनीतिक नोटको जबाफ भारतले नपठाएकोले कुरीरहेका छौं !' देशको लागि कोहि एक व्यक्ति ठूलो हुँदैन चाहे त्यो विरामी वा जवाफ नपठाएको विरहको बहाना नै किन न होस् । जापानका तत्कालीन प्रधानमन्त्री योशिरो मोरीले जब अमेरिकाले समुद्रमा उसको नेभीलाई अकारण निशाना बनायो अनि सेनाले जबावी कार्वाही गर्ने कि नगर्ने भनी राय माग्दा उनी विदा बसेर क्रिकेट खेलेको फोटो आयो अनि उनकै बहुमत प्राप्त पार्टीकै सांसदले उनलाई प्रधानमन्त्री पदबाट नै हटाई दिएको नजीर संसारसंग छ ।

नेपालको मुद्दामा अनेकथरी कुरा सुनिन्छन् । जस्तैः प्रधानमन्त्रीले परराष्ट्रमन्त्रालयबाट औपचारिक नक्साप्रतिको विरोध नोट पठाएपछि पूर्व प्रधानमन्त्री तथा नेकपाका विदेश विभाग प्रमुख माधव नेपाललाई कालापानीको विषयमा नेपालको तर्फबाट विशेष दूतको रूपमा नियुक्त गरे । नेता नेपालले भारतीय राजदूतलगायत गृहकार्यको रूपमा विभिन्न नेपाली व्यक्तित्वलाई पनि भेटे तर उनको गुनासोमा के आयो भने यति उच्चस्तरको विशेष दूत भारतीय प्रधानमन्त्रीसंग नै भेट्न नियुक्त गरिएपनि कसरी, के-के कुरा उठाउने, कुन मोडेलमा उठाउने जस्ता गृहकार्य नै प्रम ओलीले नगरिदिएका कारण उनी कुहिरोका काग भएका छन् । भारतीय अखबारहरूमा भने प्रधानमन्त्री कार्यालय (पीएमओ)को हवाला दिंदै भारतीय पक्षबाट 'नेपाली नेताहरूले कालापानीको विषय पार्टीमा आन्तरीकरूपले बलियो वा स्थापित हुन उचालिएकोले यसमा नपर्न चाहेको' भनी भारतीय प्रमले भेट्न नचाहेको समाचार बनाएका छन् ।

विशेष दूतको कार्यदिशा तय गर्न प्रम ओलीले आफ्नो स्वास्थ्यको कारण देखाउन सक्छन् तर उनी पार्टी तथा सरकारमा अहिलेपनि कब्जा जमाए झैं सरकार तथा परराष्ट्र मन्त्रालयलाई निर्देश गर्न सक्छन् अर्थात् देशको अगाडी स्वास्थ्यको कारण बन्नु हुंदैन । यसपछि यो पनि समाचारमा प्रकाशित भए कि माधव नेपालले विशेष दूतको भूमीकामा नसकेपछि प्रम ओलीले राजपाका अध्यक्ष तथा भारतीय नेताहरूको नजिक मानिने महन्थ ठाकुरलाई सभामुख बनाईदिने प्रलोभनसहित भारतसंग कालापानी बारे वार्ता गर्न आग्रह गरे तर ठाकुरले कोशिश मात्रै गर्ने भनेर भारतबाट ग्रीन सिग्नल नपाउंदा प्रम ओली कसलाई जिम्मा दिने भन्ने विषयमा तनावमा छन् ।

यसका अलावा प्रम ओलीले नेपालको तर्फबाट परराष्ट्रसचिवस्तरीय औपचारिक वार्तालाई अगाडी बढाएका छन् भने नेपालका विभिन्न क्षेत्रका प्रबूद्धवर्ग सुशीला कार्की, भैरव रिसाल आदिले भारतसंग कुरा गर्ने टीम बनाउंदा सो टीममा नेपाली पक्षबाट ईपिजी ग्रुपमा रहिसकेका व्यक्तिहरू बस्न मानेनन् भने कोहीपनि मधेशी यस्ता व्यक्तिलाई सो समूहमा समावेश गर्न नेपाली होइन कि पहाडी नागरिकले जरूरी सम्झेको छैन जबकि नेपालको सेना आजको अवस्थासम्म ब्यारेकमा छन् भने सीमानामा रगत बगाईकन रक्षा गर्ने काम मधेशीले नै मधेशमा गरिरहेका छन् ! मोही माग्ने तर ढुङ्ग्रो लुकाउने पहाडी राष्ट्रियता नै उदेक लाग्दो छ किनकि हामीले बिर्सन हुन्न कि जे जति सीमा सम्झौतामा नेपालले गुमाएको छ, त्यसमा डील गर्ने एक एक कर्मचारी तथा नेता नेपालको तर्फबाट पहाड्रीहरू छन् ।

हिजो मधेश आन्दोलन चलिरहंदा पहाडी सुरक्षाकर्मीले मधेशीलाई आफ्नै दाजुभाईको संविधानमा रहेको असहमतिविरूद्ध आन्दोलित छन् नबुझेर दुश्मन ठानेर टाउको, कञ्चट, छातीमा गोली बर्साउंदा हालका प्रम केपी ओलीले 'मधेशमा धेरै आंप फल्ने भएकोले दुई-चारवटा झरिरहेका' देख्थे भने विसं. २०७४ सालको संसदीय निर्वाचनपछि स्वयं प्रधानमन्त्री बन्न हाल कै परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीलाई भारतीय प्रम मोदी तथा संस्थापन दल बीजेपीसमक्ष समर्थनको लागि पठाउंथे । आज भारत-नेपालमा नेपाली पक्षले चाहेकै व्यक्तिहरू सरकारमा छन् तर पनि कालापानीबारे नक्साकाण्ड आयो जसले नेपाल सरकारको नेतृत्वकर्ताहरूमाथि तनाव उत्पन्न गरिदिएको छ ।

यस बीच भारतीय पक्षबाट एउटा कुरा के आईरहेको छ भने निकै वर्षदेखि नेपालकै नक्सामा कालापानी वा लिपुलेकवाला चुच्चोभएको नछापिईरहेकोमा भारतले हाल आएर छाप्दा किन कोहि केही पाउन कराएको वा नेपालमा भारतविरूद्ध माहौल बनाएको ? यस्तै निकट भविष्यमा भारत-चीनले नेपालको बारेमा मन्त्रीस्तरीय भेट नै गर्न गईरहेकाले पनि सो अघि भारतीय प्रम मोदीले नेपाली दूतसंग नेपालको कुनैपनि च्यानेलसंग भारतको कुनैपनि च्यानेलले यस विषयमा कुरा गर्न नचाहेको बताईन्छ । भारतीय पक्षको आरोप अनुसार यसपालीको साग खेलकूदको बेलापनि लाईटद्वारा निर्मित विभिन्न देशका नक्सामा नेपालको नक्सामा कालापानीलाई नसमेटिएको गुनासो नेपाली आमजनताबाट नेपाल सरकारको गुनासो भईरहेको छ भने कतिपयले विगतमा आफूहरू नेपालको नक्साबारे विद्यालयमा पढ्दा नै कालापानीको चुच्चो नभएको पढेको र त्यस्तै नक्सा बनाउनपनि शिक्षकहरूले पाठ्यवस्तु अनुसार सिकाएको याद भारतीय पक्षलाई नै बल पुग्नेगरी बोल्छन् ! यस बीच नेपालका केही विद्यार्थी संगठनहरूले स्वयं कालापानी हालेर नेपालको नक्सा सार्वजनिक गरिरहेका छन् तर नेपालमा जनस्तरमा जुनरूपले विषय उठान भईरहेको छ, त्यो गर्नुपर्ने निकायले गरिरहेको छैन भने संसदमा कालापानीको विषयमा सांसदहरूले कुरा उठाउंदा विभागीय मन्त्री नै अनुपस्थित रही स्वयं कुहिरोको काग बनेको देखिन्छ । यस्तोमा विपक्षले पेल्नु वा आफ्नो अग्रसरता देखाउनु नौलो कुरा होइन ।

माथिका सबै कुरालाई मध्यनजर गर्दा भारतले सत्यतथ्यलाई स्विकार्नु पर्छ र नेपाल एउटा सार्वभौमसत्तासम्पन्न देश हो विश्वमा भन्ने कुरोलाई मनन् गर्नैपर्छ भने नेपाल सरकार तथा यहाँका राजनीतिक दलहरूले कम्तिमा एक-दुईटा नीचता आफ्नै नागरिकविरूद्ध त्याग्नै पर्छ । जस्तै, के नेपाली राष्ट्रियताको ठेक्का हिजो सन्धि-सम्झौतामार्फत् नेपाललाई खुम्च्याएर आज नेपालकै अस्तित्व संकटमा पारिदिएका पहाडीवर्गमात्र ले लिएको हो ? होइन भने मधेशी पचासप्रतिशत मान्छेलाई हरेक वार्ता च्यानलमा किन राख्दैनन् ? दोस्रो, यदि महन्थ ठाकुर वा माधव नेपाल विशेष दूतमा असफल आफूलाई ठान्छन् भने ओली सरकारले कांग्रेसबाट पार्टीसंग आग्रह गरेर उपसभापति विमलेन्द्र निधिलाई किन आग्रह नगर्ने जसको पहुंच र हैसियत भारतका सत्ता तथा विपक्ष दुईटैमा छ ? के उनी लोकप्रीय भईदेलान् भनी जलन छ पहाडीहरूमा ? त्यस्तै नेपाल सरकारसंग अन्य विकल्पहरू छन् जस्तै, नेपालका व्यापारी वर्गलाई परिचालन गर्ने जसको प्रत्यक्ष पहुंच भारतीय सत्तासंग हुन्छ भने नेपालका भारतमा कार्यरत्त गोर्खाराईफल्सद्वारापनि सरकारले मद्दत माग्न सक्छ जसको अधिकृत जेनरल विपित रावत भारतका प्रधानसेनापति हुन् । तर यो गर्न प्रम ओलीलाई समस्या छ, त्यो के हो भने विसं. २०७२ सालमा भारतले लगाएको भनी उनी स्वयंद्वारा प्रचारित 'नाकाबन्दी'लाई साम्यपार्ने काम यी नै भारतमा अवकाशप्राप्त गोर्खा राईफल्सका नेपाली सैन्यहरू थिए तर ओलीले 'मैं मोदीको घुंडा टेकाएर नाकाबन्दी हटाएको' भनी डिङ् मार्थे ! अतः आज मधेशका पनि केही आमजनताले पहाडीसंगको रीसमा भारतले नेपाली भूमी जे सुकै गरून् भन्ने भावना यदि पालेका छन् भने राष्ट्रियता के हो भने कुरा भारतीय नागरिकबाट नै सिकेर दृढरूपले नेपाल सरकारको पक्षमा उभ्नुपर्छ र आफ्नो जिम्मेवारी वहन गर्नुपर्छ अर्थात् यो प्रम ओलीको हिजोको घमण्ड तथा मधेशीप्रति 'आंप झर्ने दृष्टि'विरूद्ध खुचिङ् गर्ने बेला होइन । यस्तै, प्रम ओलीले पूर्वप्रम डा. बाबुराम भट्टराईलाई बरू माधव नेपालको ठाउंमा सारेको भए हुन्थ्यो वा हुन्छ किनकि जे खूबी जससंग छ, उसैलाई यशसहित काम गर्न दिनुपर्छ जसको लागि 'मैं र मेरै पार्टी केवल सक्षम' भन्ने अहं प्रम ओली तथा उनका नेकपाले तत्काल त्याग्नुपर्छ । यसबाहेक निश्चितरूपमा नेपालसंग विदेश मन्त्रालयस्तरीय वार्ताहरू, स्वयं नेपाल सरकारद्वारा भारतीय दूतावासलाई बोलाउने, प्रधानमन्त्रीस्तरीय वार्ता, तत्काल नापी विभागलाई रक्षा मन्त्रालय अन्तर्गत राखेर सेना-सेना वार्तालगायत अन्त्यमा अन्तर्राष्ट्रियस्तरमा नेपाली पक्षका सबै प्रमाणहरू राखेर ब्रिटेन तथा युएनओसमक्ष जाने बाटाहरू छन् । तसर्थ, समाचारमा आईरहेका जनगुनासा अनुसार नेपाली प्रमको स्वास्थ्य कारण वा परराष्ट्र मन्त्रीको कुहिरोका कागपना जस्ता अल्छिपना हुनुभएन ।

पहिला देश, सार्वभौमसत्ता त्यसपछि मात्र राजनीति, पद तथा कुर्सी हुनुपर्छ जसका लागि यदि हाल सरकारी पक्ष विगतमा गरेका स्वयंका कुनै गल्तिले गर्दा जुन कन्फिडेन्सले सीमाबारे वार्ता गर्ने हो, सो गर्न समस्या छ भने देशमा जनआक्रोश बढ्दै गएर नेपालले जायज भूमी गुमाउनु अघि तथा संघीय लोकतान्त्रिक गणतन्त्र पद्धतिविरूद्धकै कुनै शक्तिले विदेशीसंग मिलेर राजनीतिक प्रणालीमाथि नै चुनौती दिनु अघि सरकार तथा पार्टी प्रमुख वा सक्रिय राजनीतिबाट साईडलाग्दा राम्रो हुन्छ र डील गर्न सार्वजनिक आह्वान नै सरकारले गरेर सक्षम तथा योग्य राजनीतिक वा यस बाहेकका विभिन्न क्षेत्रका वैकल्पिक व्यक्तिहरूलाई म्यान्डेड दिएर तत्काल पठाएर नेपाली सीमाको रक्षागर्नु पर्छ भने विना कामका परराष्ट्र सल्लाहकार देखिए झैं लाई सधन्यवाद विदा गरेर नयां नियुक्त गर्नुपर्छ किनकि यो बेला देश जोगाउने हो, न कि पद जोगाउन रोमनका राजा निरो जस्तै बासुरी बजाउने ।

*(लेखक पाटन संयुक्त क्याम्पसमा प्राध्यापनरत् छन्)*

# पिछडावर्गको महाधिवेशन सम्पन्न, गजेन्द्र पुनः अध्यक्ष

काठमाडौं । नेपाल पिछडावर्ग (ओबीसी) महासंघको पाँचौं राष्ट्रिय महाधिवेशन सम्पन्न भएको छ । मंगलबार राजधानीस्थित मधेश मिडिया हाउसमा सम्पन्न पाँचौं महाधिवेशनबाट अध्यक्षमा पुनः गजेन्द्र ठाकुर सर्वसहमतिले निर्वाचित भएका छन् । राष्ट्रिय समावेशी आयोगका कार्यवाहक अध्यक्ष विष्णुमाया ओझाको प्रमुख आतिथ्यतामा सम्पन्न महाधिवेशनबाट १३ निर्वाचित र ४ जना मनोनित गरी जम्मा १७ सदस्यीय केन्द्रीय समिति चयन भएको हो । कार्यक्रम बोल्दै प्रमुख अतिथि ओझाले पिछडावर्गको माग र अधिकारबारे सरकार गम्भीर हुनुपर्ने बताउँदै आयोगको तर्फबाट आफूले पनि सरकारलाई दबाब दिने प्रतिबद्धता जनाइन् । उनले पिछडावर्गमाथि विभेद र असमानतालाई नहटाई समाजमा परिवर्तन नहुने जिकिर गरिन् ।



पिछडावर्गसँग नेपाल सरकार आठ पटकसम्म गरेको सहमति सम्झौतालाई तुरून्त कार्यान्वयन गर्नुपर्नेमा जोड दिइन् । महाधिवेशनको उद्घाटन सत्रमा प्रमुख अतिथि ओझालाई महासंघले १९ बुँदे ज्ञापनपत्रसमेत बुझाएको थियो । ज्ञापनमा रहेका बुँदाहरूप्रति आफू सकारात्मक रहेको र कार्यान्वयन गराउन सरकारलाई सुझाव तथा ध्यानाकर्षण गराउने उनले प्रतिबद्धता व्यक्त गरिन्छ । नवनिर्वाचित अध्यक्ष ठाकुरले पिछडिएको समुदाय (ओबीसी) उत्थान विकास समितिलाई सक्रिय बनाई त्यसमा उपाध्यक्षलगायत अन्य सदस्यहरू महासंघको सिफारिसमा नियुक्ति गरिनुपर्ने माग गरेका छन् । महासंघ र सरकारबीच भएको सम्झौताहरू यथाशीघ्र कार्यान्वयन नगरिए आफू पुनः आन्दोलन गर्न बाध्य हुने चेतावनीसमेत अध्यक्ष ठाकुरले दिए ।

संविधान संशोधन गरी भाग ८ को धारा ८४ को बुँदा नं. २ र भाग १४ को धारा १७६ को बुँदा नं. ६ मा राजनीतिक दलहरूले बन्दसूची पठाउँदा पिछडावर्ग (ओबीसी)लाई समावेश गराइनुपर्ने माग गरेका छन् । महासंघको नयाँ कार्यसमितिमा उपाध्यक्षद्वय सुरेशचन्द्र यादव र उपेन्द्र प्रसाद चौधरी, महासचिव विन्देश्वरीलाल ठाकुर, सचिवद्वय नरेन्द्र ठाकुर लोहार र अनिता देवी र कोषाध्यक्ष फुलतारन कुमारी रहेका छन् । यसैगरी, सदस्यहरूमा रामप्रमोद महतो, रामशिला देवी, मुस्ताक अहमद, प्रीति राय, राजेन्द्र ठाकुर, इलियास हजाम, साजिद हुसैन, जगत पैकरा रहेका छन् । त्यस्तै, महाधिवेशन कार्यक्रममा दुई जनालाई सम्मानसमेत गरिएको थियो । महासंघलाई सहयोग गर्ने निर्वाचन समिति अध्यक्ष सुरेश ठाकुर र नाइ संघका अध्यक्ष राजाराम ठाकुरलाई कदरपत्रसहित दोसल्ला ओढाई सम्मान गरिएको थियो ।




## मधेश अपडेट

### "विभेदकै कारण पछाडि"

जनकपुरधाम । मुख्यमन्त्री लालबाबु राउतले मुलुकमा व्याप्त विभेदकै कारण मानव विकास सुचकांकमा पछाडी रहेको बताएका छन् । युएनडिपीले मंगलबार जनकपुरमा आयोजना गरेको मानव विकास प्रतिवेदनको सार्वजनिकीकरण कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दैं मुख्यमन्त्री राउतले मुलुकमा व्याप्त राजनीतिक, समाजिक, आर्थिक, क्षेत्रीय तथा जातीय विभेदको कारण विकास गर्न नसकेको उल्लेख गरे । मुलुक तथा समाजबाट विभेद अन्त्य गर्न नसकिए सम्म समृद्धिको बाटो अंगाल्न नसक्ने उल्लेख गर्दै उनले समग्र विभेद अन्तको लागी शिक्षामा जोड दिनुपर्ने पनि बताए । उनले भने, 'हामी कहाँ धरै किसिमका विभेदहरू छन, लैगिंक विभेद, जातीय विभेद यसका उदाहरणहरू मात्र हुन, यसको अन्तको लागी शिक्षालाई प्राथमिकतामा राखेर अघि बढनु पर्दछ । विभेदमा परेका वर्ग समुदाय शिक्षित नभएसम्म यसको अन्त गर्न सकिदैन । विभेद अन्त नभएसम्म हामी विकसित हुन सक्दैनौ ।' उनले प्रदेश २ को सरकारले यही विभेदलाई अन्त गर्न बेटी पढाउ बेटी बचाउ, दलित सशक्तिकरण जस्ता कार्यक्रमहरूलाई अघि बढाएको पनि उल्लेख गरे । युनडिपीले सार्वजनिक गरेको प्रविदेनमा नेपाल मानव विकास सुचकांकमा १४७ औ स्थानमा पर्छ । सार्क मुलुकमा पनि नेपाल अफगानिस्तान भन्दा मात्र अगाडी छ ।

### "विभेद अन्त्य नगरी समृद्धि हासिल हुँदैन"

विराटनगर । मानव अधिकार संरक्षण र सामाजिक विभेदको अन्त्यविना राष्ट्रिय सङ्कल्प पूरा हुन नसक्ने प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मत कार्कीले बताएका छन् । मानव अधिकारकर्मीहरूको प्रादेशिक महाभेलालाई सोमबार विराटनगरमा सम्बोधन गर्दै मन्त्री कार्कीले सामाजिक कुरीतिका रूपमा रहेको मानव-मानवबीचको विभेद अन्त्य गर्नुपर्नेमा जोड दिए । नयाँ पुस्तालाई सामाजिक न्यायसंगत पुस्ताको रूपमा रूपान्तरण गर्दै अगाडि बढ्न सके मात्रै समाजमा देखिएको कुरीति हट्ने उनको विश्वास थियो । कार्यक्रममा मन्त्री कार्कीले प्रदेश सरकारले जातीय विभेदको अन्त्य गर्न अभियानकै रूपमा गाउँसम्म सचेतना फैलाउनुपर्ने धारणा समेत राखे ।

### लैंगिक हिंसा सम्बन्धी सचेतना

रौतहट । 'समानताको पुस्ताः बलात्कार विरूद्ध ऐक्यबद्धता' भन्ने नाराका साथ लैङ्गिक हिंसा विरूद्धको १६ दिन सचेतना अभियान अन्तर्गत रौतहटको चन्द्रनिगाहरपुरमा सचेतना कार्यक्रमको आयोजना गरिएको छ । घरेलु तथा लैङ्गिक हिंसा अन्त्य गर्दै हिंसारहित समाज निर्माण गर्ने उद्देश्यका साथ आयोजना गरिएको सो कार्यक्रममा नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक पिताम्बर अधिकारीले लैङ्गिक हिंसा मानव सभ्यतावितरीत भएको विचार व्यक्त गरे । उनले लैङ्गिक हिंसा अन्त्य गर्न सबैको साथ र सहयोग चाहिने समेत प्रष्ट पारे । जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको समन्वयमा आयोजित सो कार्यक्रममा रौतहटका नागरिक समाज, व्यापारी, व्यवसायी, अधिकारकर्मी, स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, सञ्चारकर्मी, यातायात मजदुर, सुरक्षाकर्मीलगायतको सहभागिता थियो ।

### कन्या मुद्दती कार्यक्रम लागु

नेपालगञ्ज । शिक्षामा छोरीहरूको सहज पहुँच पुर्‍याउन नेपालगन्जको डुडुवा गाउँपालिकाले कन्या मुद्दती कार्यक्रम लागु गरेको छ । ग्रामीण क्षेत्रमा बालिकालाई अझै पनि विद्यालय नपठाउने चलन कायमै रहेकाले शिक्षामा पहुँच बढाउन एक स्थानीय तहले कन्या मुद्दती शिक्षा कार्यक्रम लागू गरेको हो । छोरीलाई विद्यालय पुर्‍याउन र विवाह २० वर्षपछि मात्र गराउन डुडुवा गाँउपालिकाले आफ्नो गाँउपालिकाभित्र कन्या मुद्दती कार्यक्रम लागू गरेको हो । चालू आर्थिक वर्षको सुरूबाटै गाँउपालिकामा रहेका छ वटा वडाका हरेक बालिकालाई लक्षित गरेर कन्या मुद्दती शिक्षा कार्यक्रम लागू गरिएको गाँउपालिकाका अध्यक्ष नरेन्द्रकुमार चौधरीले बताए ।

### महानगर योग विद्यालयको उद्घाटन

वीरगन्ज । वीरगन्जको बिर्तामा महानगरस्तरीय योग विद्यालयको उद्घाटन भएको छ । एक कार्यक्रमकाबीच वीरगन्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले उक्त विद्यालयको उद्घाटन गरेका छन् । उदघाटन कार्यक्रममा बोल्दै नगर प्रमुख सरावगीले वीरगन्ज महानगरपालिकाको सबै वडाहरूमा योग शिविर चलाउन आयोजकहरूलाई अनुरोध गरे । योग गुरू स्वामि रामदेव महराज र आयुर्वेदाचार्य बाबा बालकृष्णको कृपाले पुरा विश्व योग दिवस मनाइरहेको बताउँदै नगरप्रमुख सरावगीले महानगरबासीलाई निरोग बनाउन सबै वडाहरूमा योग शिविर चलाउन अनुरोध गरे । उनले महानगरपालिकाको सहयोग र पतञ्जली योग समिति पर्साको सहकार्यमा स्थापना भएको यो विद्यालयलाई अझ व्यवस्थित गर्न आफूबाट हुने सबै सहयोग प्रदान गर्ने प्रतिबद्धता समेत व्यक्त गरे ।

### लालटिनको उज्यालोमा कृति समीक्षा सम्पन्न

इमरान खान, कपिलवस्तु । कपिलवस्तु जिल्लाको चन्द्रौटामा लालटिनको उज्यालोमा कृति समीक्षा सम्पन्न भएको छ । सर्वसमाज उत्थान मञ्च कृष्णनगर कपिलवस्तुको आयोजनामा कृति समीक्षा भएको हो । कार्यक्रमका प्रमुख अथिति प्रदेशसभा सदस्य अर्जुन कुमार केसीले समाजमा संघर्ष गर्ने नारीलाई हौसला प्रदान गर्ने संदेशका लागि लालटिनको उज्यालोमा भन्ने कृति लेखिएको बताए । समाजमा महिलाले गरेको संघर्षलाई व्याख्या गरेर नपुग्ने, आम नारीका भोगाइका पीडा साहित्यिक रूपमा बाहिर उठाएर समाज परिवर्तन गर्न सकिने बताए । कार्यक्रममा लालटिनको उज्यालोमा कृति लेखक सरस्वति ज्ञवालीले आफूले लेखेको कृति आफ्नो जीवनको भोगाई घटना मात्र नभएर समाजका आम महिलाहरूको घटनाको चित्रण गरेको बताइन् । घरपरिवारको काम जिम्मेवारी समाल्दै राजनीतिक संघर्षबाट लालटिनको उज्यालोमा कृतिसम्म आउन सफल भएको बताइन् । समाजमा भएका कुरालाई साहित्यिक कृतिबाट समाजलाई सकारात्मक बाटोमा डोराउने आँखाको ऐना भएको बताइन् ।




बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई सफा र स्वच्छ राखौं ।

मटिहानी नगरपालिका
महोत्तरी

# जलवायु अनुकूलित शून्य खनजोत लसुन खेती प्रविधि



डा.श्रीभगवान ठाकुर

**परिचयः** नेपालमा उत्पादन गरिने विभिन्न मसाला बालीहरूमध्ये हिउँदमा खेती गरिने लसुन एक महत्वपूर्ण तुषारो सहने नगदे बाली हो। धान काटिसकेपछि जग्गालाई विल्कुलै खनजोत नगरी धान काटेको गाँजको ठुटामा लसुनको केस्रा रोपी छ्यापोलगाई लसुन उत्पादन गरिने प्रविधिलाई शून्य खनजोत लसुन खेती भनिन्छ। जमीनमूनि फलेको लसुनको भागलाई नेपालीमा गानो, मैथिलीमा झावा र भोजपुरीमा ढेरी तथा छुट्याईएको एउटा भागलाई नेपालीमा पोटी वा केस्रा, मैथिली र भोजपुरीमा दाना भनिन्छ।

नेपालमा जलवायु परिवर्तनका नकरात्मक प्रभावले धान काटी सके पछी सिंचाईको अभावमा कतिपय खेतबाँझै रहने गरेको पाईन्छ। यसरी बर्षा मौसमको उत्तरार्धमा कम पानी पर्नाले र हिउँदमा पानी नपरी सुख्खा खडेरी हुने तराईमधेश तथा पहाडका उर्वर जमीनहरू खेर गईरहेका छन्। धान काटी सके पछी खेतमा रहेको अवशेष चिस्यानको उपयोग गरी लसुन बाली लगाउन सकिएमा थप आयआर्जन गर्न सकिन्छ। लसुन उत्पादन पश्चात अर्को केही महिनासम्म भण्डारण गरी अत्याधिक आम्दानी गर्न सकिने बाली हो।

एफ ए ओको कृषिमा जलवायु परिवर्तन अनुकूलन आयोजनाबाट सञ्चालित कृषक पाठशालाले उदयपुर र सिराहा जिल्लामा गरेको शून्य खनजोतमा धानको गाँजमा लसुन उत्पादन परीक्षण अत्यन्त सफल भएको छ। यस विधिमा माटो खनजोत नगरी बीउ रोपिन्छ र धान काटेपछी खेर जाने परालको टुक्राहरू छ्यापोको रूपमा उपयोग गरिन्छ। ढिलो फल्ने धानका जात लगाएको जग्गामा खनजोत गर्न समय नहुने खालका जग्गा शून्य खनजोत विधिमा आधारित लसुन खेतीका लागि उपयुक्त हुन्छ। यसरी कम खर्च र मिहनेत, तथा पानीको अभावमा पनि धानको गाँजमा ठूलो क्षेत्रफलमा लसुन लगाएर देशमा लसुनको आपूर्ति र आयात घटाउन र नगद आम्दानी गरी किसानहरूको जीविकोपार्जनमा सुधार गर्न सकिने प्रशस्त अवसर रहेको छ।

**महत्वः** लसुनतरकारी, माछा र मासुमा स्वाद र सुगन्धका लागि मसालाको रूपमा प्रयोग गर्ने चलन छ। यसबाहेक आचार,क्याण्डी, टमाटर केचप आदीमा प्रयोग गर्ने गरिन्छ। यसमा रूघाखोकी, आँखा पाक्ने, कान दुखने, पेट दुख्ने, जुका पर्ने, ग्यास्ट्रीक आदिको उपचारको लागि औषधीय गुण समेत भएको मानिन्छ। लसुन कीट तथा रोगनाशक जैविकविषादी बनाउन प्रयोग गरिन्छ। लसुनमा एलिसिन नामक रसायन भएकोले यसले ग्राम नेगेटीभ जीवाणु र विभिन्न ढुसीहरूको वृद्धिमा रोकथाम गर्दछ। लसुनको तेल प्रयोग गर्नाले लामखुट्टे र त्यसको फुल र लार्भाहरू मर्छन्। घरको झिङ्गा, आलुको पुतली तथा नरिवल र सुपारीको रातो खपटेको अण्डामा यसको तेल छर्नाले लार्भा निस्कन सक्दैन। लसुनले बाथको रोगमा फाईदा गर्नुका साथै घाँटी फोक्सोलाई सफा राख्दछ। लसुनले एन्टीसेप्टीकको काम गर्दछ। यसको दैनिक सेवनले हृदयरोग, रक्तचाप र रगतको कोलेस्टरोल घटाउँछ।

लसुनको १०० ग्रा. तौलमा ६.३ ग्रा. प्रोटिन,०.१ ग्रा.चिल्लो पदार्थ, ०.५ ग्रा. रेसा, १ ग्रा. खनिज पदार्थ, २० ग्रा. कार्वोहाईड्रेट, ३० मि.ग्रा. क्यालसीयम, ३१० मि.ग्रा. फसफोरस, १३ मि.ग्रा. भिटामिन सि.,१.३ मि.ग्रा. फलाम, ०.१६ मि.ग्रा. राइबोफ्लेविन, ०.४ मि.ग्रा. निकोटिनिक एसिड र १४२ क्यालोारी शक्ति पाईन्छ।

**हावापानीः** लसुनलाई चिसो हावापानी आवश्यक भएकोले छोटो दिन र लामो रात उपयुक्त हुन्छ। समुद्र सतहबाट १५०० मीटरसम्मको उचाई, १६-२२ डिग्री. सेन्टीग्रेड तापक्रम, १० घण्टा लामो प्रकाश अवधी भएको दिन र ६० प्रतिशत सापेक्षिक आर्द्रता भएको उपयुक्त मानिन्छ।



**जग्गाको छनौटः** धान काट्ने बेला तथा काटेपछि अवशेष चिस्यान भएको,माटोमा प्रांगारिक पदार्थ प्रशस्त भएको, पानी नजम्ने, बलौटे दोमट, माटोको पी. एच. ५.८ देखि ६.८ उपयुक्त हुन्छ।

**जग्गाको तयारी** :खनजोत नगर्ने, धान काट्ने बेला तलबाट काट्ने (१-२ईन्च छाडेर), यदि धानका गाँजको ठुटाहरू अग्ला भएमा १.५ देखि २ ईन्चसम्म छाडी हँसियाले काट्नु पर्दछ। काटेका ठुटाहरू खेतमै छापोको लागि छाडनु पर्दछ। खेतमा झारहरू भए उखेल्नु पर्दछ।

यदि खेतमा पाईला गडने छ भने खेतमा चिस्यानको मात्रा बढी छ भन्ने बुझ्नु पर्छ। यस्तो खेतमा लसुन रोपदा कुहिने डर हुनाले केही दिन पर्खनु पर्ने हुन्छ। ।धान काटी सकेपछि पनि पानी जम्ने भएमा पानी निकास गरी खेत सुकाएर शुन्य खनजोत विधि अपनाउन सकिन्छ।

**लगाउनेसमयः**तराई मधेश तथा उपत्यकामा असोज कार्तिकसम्म लगाउँदा उपयुक्त मानिन्छ। ढिलोमा मंसिरको दोश्रो हप्तासम्म लगाउँदा धेरै उत्पादन घट्दैन। तर पहाडी क्षेत्रमा भाद्रको चौथोहप्ता देखि कार्तिकसम्म लसुन रोपनु पर्दछ।

**जात, बीउको छनोट तथाबीउ दरः** मार्फा स्थानीय, गोदामचौर स्थानीय, पाटन स्थानीयजातहरू बढी प्रचलनमा रहेका छन्। सि. ओ २, यमुना सफेद १, यमुना सफेद २ आदि जातहरू पनि सिफारिस भएका छन्। मध्य तथा उँच्च पहाडका किसानहरू भोटे लसुन तथा चीनका केही जातहरू लगाउने गरेका छन्। आकार, पोटी संख्या र स्वादको आधारमा लसुनको असल उत्पादनशिल जात छुटयाउन सकिन्छ। ठूला, आकर्षक, चाउरी नपरेका, स्वस्थ्य र पुष्ट पोटी बीउमा प्रयोग गर्नु पर्दछ। गानोको बाहिरी भागका केस्राहरू बीउका लागि राम्रो मानिन्छ। यदि शीतभण्डारणबाट निकालिएको भए १ हप्तासम्म बाहिर राखेर मात्र बीउमा प्रयोग गर्नु पर्दछ। प्रति कट्ठा १२ देखि १५ किलो र प्रति रोपनी २० देखि २५ किलो बीउ चाहिन्छ।

**लगाउने विधिः**रोप्नुभन्दा अगाडी लसुनको पोटी वा केस्रालाई छुट्याईन्छ। रोप्दा जराको भाग तल र टुसाको भाग माथि गरेर रोप्नुपर्छ। साधारणतया लसुन बोट देखि बोट १०से.मी.मा र हार देखि हार १५ से.मी.मा रोपिन्छ तर शून्य खनजोत प्रविधिमा धान रोपेको गाँजमै लसुन रोप्ने गरिन्छ।

धान काटेको १, २ दिन पछि १.५ देखि २ ईन्चमा गाँजको ठुटो काटिन्छ। यसरी काटिएको धानको गाँजको ठुटाभित्र जमीन मुनि बाँसको सुइरो वा फलामको रडको सहायताले ३ देखि ५ से.मी. गहिरो प्वाल बनाउनु पर्दछ। अनि सोही प्वालमा लसुनको पोटी जरामुनि पर्ने गरी बुढी औला र चोर औलाको सहाराले रोप्नु पर्दछ।

**छापो दिनेःलसुन** रोपि सकेपछि पुरै खेत १० से. मी. वा सो भन्दा बढी बाक्लो पराल, भुस वा खर वा जलकुंभीको छापो दिनु पर्दछ । यसरी छापो दिनाले चिस्यान कायम रहनुका साथै झारपात नउम्रिने, माटोमा पानीसोस्ने, प्रांगारिक पदार्थ थपिने, जैविक गतिविधि बढने गर्दछ। साथै छापोले लसुनको गानो र बोटको भार पनि थेग्न मद्दत गर्दछ।

**सिंचाईः** खेतमा भएको चिस्यानले गर्दा बीउ उम्रन्छ। सिंचाईको पटक र मात्रा कति आवश्यक पर्दछ भन्ने कुरा माटोको किसिम र मौसममा निर्भर गर्दछ। खेतको चिस्यान उपयोग गर्नका लागि खनजोत नगरी रोपिने र परालको छापोले छोपिने हुँदा आवश्यक मात्रामा चिस्यान रहने भई लसुनको आवश्यकता पूर्ति हुन जान्छ। गानोको



बृद्धिविकासको लागि माटोमा उपयुक्त चिस्यान हुने गरीवानस्पतिक बृद्धि र गानो बढ्नेबेला सिंचाईं दिनु आवश्यक हुन्छ।

**मलखादः** समान्यतया यस प्रविधिमा मलखाद प्रयोग नगरीकनै लसुन उत्पादन गरिन्छ। धानको गाँज र छापो गल्दै जाँदा लसुनले खाद तत्व प्राप्त गर्दछ। मलखाद दिनु पर्दा लसुन रोप्नुभन्दा अगावै प्रति कट्ठा ०.५ देखि १ टन धुलो बनाई गोठेमल, २ किलो यूरिया, ४किलो डी.ए.पी. र २ किलो म्यूरेट अफ पोटास छर्नु पर्दछ। उक्त मल छापोले राम्रोसंग छोपिएको हुनु पर्दछ।

बिरूवाको बृद्धि विकास र गानोवृद्धिको लागि बिभिन्न बिरूवाबर्द्धक सुक्ष्मतत्वहरू जस्तैः मिराकुलान वा किप्लान १ मि.लि.रमल्टीप्लेक्स २-३ मि.लि.प्रति लिटर पानीको दरले रोपेको २५-३० दिनपछि १५ देखि २० दिनको अन्तरालमा छर्किनु पर्दछ

**गोडमेल** : खेतमा झारपात देखिएमा झारपात हटाउनु पर्दछ अन्यथा यस विधिमा गोडमेलको आवश्यकता पर्दैन।

**रोग किरा व्यवस्थापनः**लसुनका थ्रीप्स र लाही किरा र पर्पल ब्लच,डढुवा, डाउनी मिल्ड्यू र कालो पोके रोग बढी लाग्ने भएकोले व्यवस्थापनको लागि प्राविधिकको सल्लाहमा ब्यवस्थापन गर्नु पर्दछ।। पशुवस्तुको गहुँतबाट बनेको घरेलु वानस्पतिक विषादी वा गितीमल प्रयोग गर्नु पर्दछ।

**बाली टिपाई तथा बजार ब्यस्थापनः**साधारणतया बोटका पातहरू पहेंलिन र सुक्न थालेपछि बाली तयार भएको हुन्छ। परिपक्व वा धेरै नसुकाई गानो चोटपटक नलाग्ने गरी हातले उखेल्नाले भण्डारणमा क्षति कम हुन्छ। गानोलाई बोटसहित २-३ दिन घाममा सुक्न दिनु पर्दछ। राम्ररी सुकेपछि गानोदेखि ३-४ से.मि. माथिबाट डाँठ र तल जराहरू काटेर हटाउनु पर्दछ। तत्पश्चात गानोलाई छायाँमा ७-१० दिन राखी राम्ररी सुक्न दिनु पर्दछ। गानोको बोक्रा र घाँटी राम्ररी सुकेर कस्सिने बेलासम्म सुकाउन आवश्यक हुन्छ। गानोको भण्डारण क्षमता बढाउन बोक्रा र घाँटीको चिस्यान हटाउनु पर्दछ। सुकेको गानोलाई बाँसको च्याक बनाई भण्डारण गरिन्छ। गानोको छनौट गरी मागअनुसार नजिकको स्थानीय बजार र बाहिरको बजारमा विकी गर्न सकिन्छ। यदि लसुन प्रशोाधन गरेर पेस्ट, पाउडर, तेल, आदि बनाएर निर्यात गर्न सके विदेशी मुद्रा आर्जन गर्न सकिन्छ।

**उत्पादनः** परम्परागत तरिकामा भन्दा यो प्रविधिबाट खेतीगर्दा लसुन उत्पादन बढी हुन्छ। बोटहरू फराकिलो दूरीमा हुने, गानो जमिनभन्दा माथि बढ्ने हुँदा माटोको दबाब नपर्ने जस्ता कारणबाट गानोको आकार ठूलो हुन्छ। धानको ठूलो गाँज भएमा त्यसमा लगाईने लसुन पनि ठूलो नै फल्छ। परम्परागत तरिकाबाट खेती गर्दा प्रति कट्ठा १०८ कि.ग्रा. र यस प्रविधिबाट लसुन खेती गर्दा प्रतिकट्ठा १५३ कि.ग्रा. अर्थात डेढ गुणा बढी उत्पादन हुन्छ। यसबाट करीव प्रतिकट्ठा रू. १० हजार देखि १५ हजारसम्म आम्दानी गर्न सकिन्छ।

**सावधानीः**छापोमा लसुन खेती गर्दा पानी बढी दिएमा कुहिने वा पहेलिने हुन्छ रछापोमा मुसाले माटोमा दुलो बनाउन सक्ने भएकोले विशेष ध्यान दिनु पर्दछ।

अतः लसुन नगदे तथा धेरै महत्वपूण बाली भएकोले जलवायु परिवर्तन अनुकूलनका लागि शून्य खनजोत विधिबाट प्रति ईकाइ उत्पादन लागत घटाउन तथा लसुन लगाउन ढिलो भएमा धानको गाँजमा लगाएर कृषकहरूले बढी आम्दानी लिइ जीविकोपार्जन सुधार ल्याउन सकिन्छ। यसलाई स्थानीय सरकारहरूले आफ्नो कार्यक्रममा बजेट विनियोजित गरी हालमा देखिने प्याजको जस्तो महंगाईबाट स्वदेशी उत्पादन प्रवर्धन तथा आयात घटाउन सकिन्छ।

## संक्षिप्त समाचार

### प्रदेश सरकारविरूद्ध ५० मुद्दा

विराटनगर। चालु आर्थिक वर्षको मंसिर दोस्रो सातसम्म प्रदेश १ सरकारलाई विपक्षी बनाएर सर्वोच्च र उच्च अदालतमा दर्ता भएको मुद्दाको संख्या ५० पुगेको छ। मुख्य न्यायाधिवक्ताले कार्यभार सम्हालेयता यतिको संख्यामा प्रदेश सरकारका विरूद्ध मुद्दा परेका हुन्। सडक, विद्यालय व्यवस्थापन, क्रसर उद्योग, शिक्षा, कर, जग्गा, लोकमार्ग, कर्मचारी सरूवा, स्थानीय तहमा शिक्षा नियुक्त, सार्वजानिक सरोकारका विषयमा मुद्दा परेको मुख्य न्यायाधिवाक्ताको कार्यलयले जनाएको छ। वर्ष २०७५/७६ मा सर्वोच्च अदालतमा पाँच र उच्च अदालत विराटनरमा ३२ वटा मुद्दा दर्ता भएको थियो।

### अस्पतालको स्तरोन्नती मुख्य उद्देश्य

भैरहवा। प्रदेश ५ का उद्योग, पर्यटन, वन तथा वातावारणमन्त्री लीला गिरीले आखाँ अस्पतालको विकासमा प्रदेश सरकारले काम गरिरहेको बताएका छन्। प्रविधिको बढ्दो विकाससँगै आँखा रोगीको सङ्ख्या बढिरहेको भन्दै उनले प्रदेश ५ मा रहेका आँखा अस्पतालहरूको स्तरोन्नती विशेषज्ञ सेवाको विस्तारमा प्रदेश सरकार क्रियाशील रहेको बताए। लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्था तथा रिसर्च सेन्टर, रणअम्बिका आँखा अस्पताल र नेपाल नेत्रज्योति सङ्घ रूपन्देहीको ३८औं स्थापना दिवसमा बोल्दै मन्त्री गिरीले रणअम्बिका शाहा आँखा अस्पताल यस क्षेत्रको नमुनाका रूपमा रहेको भन्दै यसक अस्पतालको विकासमा सबै क्षेत्रको सहयोग रहेको बताए।

### प्रगति बढाउन निर्देशन

धनगढी। सन्तोषजनक रूपमा काम गर्न नसकेको भनेर आलोचना खेप्दै आएको सुदूरपश्चिम प्रदेश सरकारले कामको प्रगति बढाउन रणनीतिका साथ अगाडि बढ्ने निष्कर्ष निकालेको छ। चालु आर्थिक वर्षको प्रथम चौमासिक कार्य प्रगतिको समीक्षा गर्दै सरकारले दोस्रो चौमासिकमा पुँजीगत कामको प्रगति ८० प्रतिशत पुऱ्याउने निष्कर्ष निकालेको छ। बाँकी १० वा १५ प्रतिसत काम मात्रै तेस्रो चौमासिकमा गर्ने सरकारले निष्कर्ष निकालेको मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका प्रमुखसचिव नारायणप्रसाद विडारीले बताए।

### सुधारिएको चुलोको माग बढ्यो

पर्सा। ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रलय अन्तर्गतको वैकल्पिक ऊर्जा प्रवद्धको सहयोग र निगरानीमा वीरगञ्जमा उत्पादन भइरहेको सुधारिएको चुलो तराई र पहाडका जिल्लामा लोगप्रिय हुँदै गएको छ। हस्क पावर नामकरण गरिएको चुलो २०७३ सालदेखि उत्पादन भइरहेको छ। वीरगञ्का युवा उद्यमीजकुमार गुप्ताले दाउर, गाई/भैंसीको गोबरबाट बनेको गुईठा र पिलेट र जुनसुकै बायाग्याँस प्रयोग गरी बाल्न र आगो ताप्न सकिने भएकाले तराई र पहाडका गरी ६० भन्दा बढी जिल्लामा सुधारिएको चुलाको प्रयोग भइरहेकाले यसको माग बढेको बताए।

### प्लाष्टिकमुक्त सहर अभियान प्रभावकारी बन्दै

नेपालगन्ज। 'प्लाष्टिकमुक्त सहर, हामी सबैको रहर' भन्ने अभियानका साथ नेपालगन्ज उपमहानगरपालिकाले सुरू गरेको अभियान प्रभावकारी हुँदै गएको छ। प्लास्टिकका झोला बिक्री-वितरणमा कडाइ गरेसँगै कागजका झोलाको माग र बिक्री दुबै बढ्दै गएको छ। बजारमा कागजका झोलाको माग बढ्न थालेपछि कागजका झोला उत्पादन गर्ने कम्पनीहरूको व्यापार बढ्नुका साथै झोला बिक्री गर्न भ्याईनभ्याई हुन थालेको छ।

### कार दुर्घटनामा १ को मृत्यु, ५ घाइते

इमरान खान, कपिलवस्तु। कपिलवस्तु जिल्लाको बाणगंगा नगरपालिका वडा नं. ८ को बोडगाँउ नजिकै सोमबार कार दुर्घटना भएको हो। पश्चिमबाट बुटवालतर्फ जाँदै गरेको बा ८ च ६३९० नम्बरको कार दुर्घटना हुँदा ५ जना घाईते भएका छन् भने एक जनाको मृत्यु भएको छ। दुर्घटनामा परि ग्लोबल आइ. एम. इ बैंक बनगाई शाखाका प्रबन्धक सुरेश पाण्डेको निधन भएको छ। घाइतेहरू मध्ये दुई जनाको बुटवलमा उपचार भैरहेको छ भने अरूको चार नम्बर स्थित कपिलवस्तु सामुदायिक अस्पतालमा उपचार भैरहेको प्रहरीले जनाएको छ।

### सीमा मापन गर्दै संयुक्त कार्यदल

काठमाडौं। नेपाल-भारतको संयुक्त कार्यदलले दुवै देशका सीमा क्षेत्रमा वैज्ञानिक मापन तथा निरीक्षण गर्न लागेको छ। सो कार्यदलले हरेक वर्ष मंसिरबाट सीमा मापनको काम सुरू गर्दै आएको हो। कार्यदलले विवादित रहेको सुस्ता र कालापानीबारहेकको क्षेत्रमा सीमा मापन गर्नेछ। संयुक्त कार्यदललाई वि.सं. २०७१ बाट सो काम दिइएको थियो। कार्यदलले करिब आधा काम पूरा गरिसकेको नापी विभागले जनाएको छ। नियमित प्रक्रियाअन्तर्गत मंसिरको अन्तिम साताबाट नेपाल-भारत सीमा ापनको काम सुरू हुने भएको विभागले जनाएको हो, जसका लागि चार वटा टोली गठन गरिएको छ।

### भरूवा बन्दुक बरामद

कैलाली। गोदावारी नगरपालिका-१० स्थित धाईया सलानी सामुदायिक बनबाट बेवारिसे अवस्थामा रहेको भरूवा बन्दुक १ थान फेला पारी प्रहरीले बरामद गरेको छ। उक्त स्थानमा बेवारिसे अवस्थामा बन्दुक छ भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय मालाखेती र अस्थाई प्रहरी पोष्ट ओलानीबाट खटिएको प्रहरीले उक्त बन्दुक आइतबार फेला पारी बरामद गरेको हो।

### सन्देशमूलक स्टिकर टाँसियो

रौतहट। लैंगिङ हिंसा विरूद्ध १६ दिने अन्तर्राष्ट्रिय अभियान अन्तर्गत चन्द्रपुर नगरपालिका-४ स्थित हिमालयन होटल अगाडि आइतबार आयोजित कार्यक्रमबीच 'हिंसारहित समाजको निर्माण गरौं, घरेलु हिंसा बन्द गरौं' भन्ने सन्देशमूलक स्टिकर सार्वजनिक सवारी साधनहरूमा टाँसिएको छ। प्रहरी प्रधान कार्यालय महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक पिताम्बर अधिकारीको उपस्थितिमा उक्त ठाउँमा 'समानताको पुस्ताः बलात्कारी विरूद्ध ऐक्यबद्धता' भन्ने नारा सहित उक्त स्टिकर विभिन्न सार्वजनिक सवारी साधनहरूमा टाँसिएको हो।

### जबरजस्ती करणी गर्ने पक्राउ

कैलाली। १७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा मोहन्यालय गाउँपालिका-१ चायाभाबर बस्ने २० वर्षीय टेक बिकलाई प्रहरीले पक्राउ गरेको छ। बिकले ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सुखडकपुरबाट खटिएको प्रहरीले उनलाई आइतबार साँझ पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### प्रदेश १ मा सार्वजनिक बिदा

विराटनगर। किराँत जातिको उघौली पर्वको अवसरमा बिहीबार प्रदेश १ मा सार्वजनिक बिदा दिएको थियो। प्रदेश सरकारको वार्षिक बिदा सूचीमा मङ्सिर २६ गते बिहीबार किराँत जातिको उघौली पर्वमा प्रदेशभर सार्वजनिक बिदा हुने उल्लेख छ। मङ्सिर २६ गते योमरी- पुन्ही ज्यापु दिवस र मङ्सिर पूर्णिमा तथा धान्य पूर्णिमासमेत भएकाले प्रदेश सरकारले सार्वजनिक बिदा दिने निर्णय गरेको थियो। गत साल चैत २७ गते प्रदेश सरकारले प्रकाशित गरेको राजपत्रमा सार्वजनिक तथा पर्व बिदा सूची उल्लेख छ।

### बलात्कारविरूद्ध ऐक्यबद्धता

रूपन्देही। लैंगिक हिंसाविरूद्धको १६ दिने अभियानअन्तर्गत मङ्गलबार भैरहवामा अभिमुखीकरण कार्यक्रम गरिएको छ। सामाजिक क्षेत्रमा क्रियाशील संस्था इनरह्विल क्लव अफ लुम्बिनीको आयोजनामा भैरहवास्थिर रूपहन्देही लीलाराम न्यौपाने माविका विद्यार्थीका लागि अभिमुखीकरण कार्यक्रम गरिएको हो। 'समानताको पुस्तां. बलात्कारविरूद्ध ऐक्यबद्धाता' भन्ने नाराका साथै लैङ्गिक हिंसाविरूद्धको अभियानअन्तर्गत क्लबले अभिमुखीकरण कार्यक्रम गरेको हो।


# सर्वसाधारणमा अनुरोध

विवाहमा लेनदेन गर्ने तथा दाइजोको कारण सताउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा ५० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने भएकोले त्यस्ता अमानवीय काम नगरौं/नगराऔं। मञ्जुरीबिना भएको विवाह, हाडनातामा भएको विवाह, बालविवाह, बहुविवाह गर्नु/गराउनु अपराध हो। त्यसैले यस्ता क्रियाकलाप नगराऔं/नगरौं। भेदभाव, छुवाछूत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै हुने भएकोले कसैसँग यस्ता व्यवहार नगरौं।

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं. २

जनकपुरधाम, धनुषा, नेपाल

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,

शिक्षा दिएर असल नागरिक बनाऔं,

चर्पीमा मात्र दिसापिसाब गराऔं,

गाउँघरलाई सफा र स्वच्छ राखौं।

## जलेश्वरनाथ नगरपालिका

महोत्तरी

# समायोवशी आयोगलाई पिछडावर्गको ज्ञापन

महोदय,
उपरोक्त सम्बन्धमा जनताको वलिदानीबाट प्राप्त संविधानसभा मार्फत संविधान बनाउने जिम्मेवारी पाएको संविधान सभाबाट विगतदेखि नेपालमा बहुसंख्यक तथा अल्पसंख्यक आदिवासी, जनजाती, दलित मस्लिम, पिछडावर्ग, महिला लगायतहरू माथि एकलौटि ढंगले राज्यबाट दमण शोषण गरेतापनि यस संविधानमा पिछडावर्गका कुशवाहा, कुर्मी, कुमहार, कहार, केवट, कमार, कानु, कलवार, तेली, नुनीया, बनिया, भेडीहर, मालि, मल्लाह, मुसलमान, बरइ, यादव राजभर, राजधोब, रौनियार, लोहार, लोध, सुढी, सोनार, हलुवाई, हजाम, अमात, केवरत, वर्णवाल, जोगीया, बिन, बेलदार, कलाबाज, बडही, लहेरा लगायत जातिहरूका कतिपय जायज मागहरू समावेश नगरेको हुनाले तुरून्त संविधान संशोधन गरी पिछ्याडावर्गका मागहरू समावेश गरियोस र विगतमा नेपाल सरकार र नेपाल पिछडावर्ग **(OBC)** महासंघ बीच मिति २०६४।०२।०७ मा गते ३ बुँदे २०६५ चैत ११ गते ५ बुँदे मिति २०६६ आषाढ ७ गते ४ बुँदे मिति २०६८।०२।०६ गते ३ बुँदे र मिति २०६९।०१।१३ गते ६ बुँदे र २०७२।०२।३१ गते २ बुँदे २०७३।०८।२९ गते ११ बुँदे भएको सहमति विपरित नेपाल सरकारले पिछडावर्ग **(OBC)** महासंघ सँग बेईमानी गरी निरंकुसता लाद्न खोजको र **(OBC)** माथी शोसन र दमनको राज्य गर्न खोजेकोले तत्काल त्यस्ता कदम सच्याई अगाडी बढन र महासंघ सँग भएका सम्भौता अनुसार विभिन्न मितिमा सम्ममानिय प्रधान मन्त्री तथा सम्बन्धीत मन्त्रालयका माननीय मन्त्री ज्यू, हरूलाई पटक-पटक ज्ञापन-पत्र मार्फत ध्यान आकर्षण गराउदा पनि हाम्रा मागहरू प्रति व्यवस्था गर्दै पिछडावर्ग माथि केन्द्र र प्रदेश सरकारले विभेद गरेको कुरा हामीहरूले महशुस गरिरहेका छौं। त्यसकारणले आज माननीय अध्यक्ष ज्यू, मार्फत हाम्रा मागँहरू पुरा गराउनका निमित स्थानीय निकायहरू, प्रदेशहरू, तथा केन्द्र सरकारको ध्यान पुगोस र हाम्रा मागहरू तत्काल पुरा गराउन सरकारलाई तत्काल सुझाव सल्लाह सहित कार्यन्वयन गराउन पहल होस भने जोडदार मागँ गर्द छौं।

**हाम्रा मागँहरू**

१. नेपाल ~~पिछडावर्ग~~ **(OBC)** महासंघ र नेपाल सरकार बिच मिति २०६४।०२।०७ मा गते ३ बुँदे २०६५ चैत ११ गते ५ बुँदे मिति २०६६ आषाढ ७ गते ४ बुँदे मिति २०६८।०२।०६ गते ३ बुँदे र मिति २०६९।०१।१३ गते ६ बुँदे र २०७२।०२।३१ गते २ बुँदे २०७३।०८।२९ गते ११ बुँदे भएको समभौता लागु गराइयोस्।

२. राष्ट्रिय समावेशी आयोगमा रिक्त रहेको सदस्य पदमा नेपाल पिछडावर्ग **(OBC)** महासंघको सिफारिसमा न्युक्ति गर्न सिफारिस गरियोस।

३. २०६८ सालमा गठन भएको पिछडिएको समुदाय **(OBC)** उत्थान विकास समिति कायम राखि बजेट विनोयजनको व्यवस्था गराइयोस्।

४. संविधानमा व्यवस्था भए बमोजिम प्रदेश स्थानिय निकायका, न.पा., गा.पा, वडा आदिमा बन्न लागेका ऐन कानुनहरूमा पिछडार्वगहरूका हक अधिकार सुनिश्चित हुने गरी ऐनकानुनको व्यवस्था गराइयोस्।

५. आ.व.२०६४।०६५ साल देखि लक्षित वर्ग शिर्षक अर्न्तगत पिछडावर्गको हक अधिकारको लागि विनियोजित बजेट सबै प्रदेश, न.पा., गा.पा, वडाहरूमा कायम गराउन सम्बन्धित मन्त्रालय पहल गरियोस्।

६. संविधानमा व्यवस्था भएको संवैधानिक निकायहरूमा पिछडार्वग महासंघको सिफारिसमा नियुक्ति गरियोस्।

७. संबैधानिक पिछडावर्ग**(OBC)** आयोग गठन गर्न सुझाव पठाइयोस्।

८. सविधान शंसोधन गरी भाग -८ को धारा (८४) को बुँदा नं. २ र भाग (१४) को धारा १७६ को बुदाँ नं. (६) मा राजनीतिक दलहरूले बन्द सुची पठाउदा पिछडावर्ग **(OBC)** लाई समावेश गराइयोस।

९. पिछडावर्गमा पर्ने सम्पुर्ण जातीलाई सुचीकुत गराइयोस।

१०. पिछडार्वग छात्रवृत्ति लागु गराइयोस।

११. पिछडार्वग बृद्धा भत्ता ६० वर्षकोलाई कायम गराइयोस।

१२. मगही, भोजपुरी र अवधि भाषाको सम्बर्दन गरी यी भाषा भाषीहरूको संस्कृति संग्राहालयको संघ र सबै प्रदेशमा स्थापना गराइयोस।

१३. पिछडिएको समुदाय **(OBC)** उत्थान विकास समिति कायम गरी सबै प्रदेशमा शाखा को विस्तार गराइयोस।

१४. हरूवा चरूवा स्कुलको व्यवस्था गराइयोस।

१५. कृषिमा न्युन व्याजमा कृषि कर्जा, बालीनाली बीमा, पशु बैंकको स्थापना गराइयोस।

१६. लोकसेवा आयोग नेपाल प्रहरी, नेपाली सेना, शिक्षाण संस्थान, न्यायालय लगायतका सम्पुर्ण निकायमा ३३% आरक्षणको व्यवस्था गराइयोस।

१७. मगही भाषालाई प्रदेश नं. २ को सम्पुर्ण प्र.वि. र मा.वि.हरूको पाठयपुस्तकमा समावेश गरी राष्ट्रिय भाषाको रूपमा लागु गराइयोस।

१८. पिछडा वर्गमा पर्ने सम्पुर्ण जातिहरूको पुर्खेउली पेशाहरूलाई आधुनिकिकरण गराउन र त्यस्को संरक्षण र प्रर्बधनको लागी पहल गरियोस्।

१९. राष्ट्रिय समावेशी आयोगमा एउटा छुट्टै पिछडा वर्ग विभाग वा समितिको गठन गरियोस र गठन गर्दा नेपाल पिछडावर्ग **(OBC)** महासंघको सिफारिसमा पदाधिकारहिरूको नियुक्ति गरियोस्।

गजेन्द्र ठाकुर
केन्द्रिय अध्यक्ष


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन्। होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ। जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ।

प्रदेश सरकार
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०४१५२२३५०
इमेल : malcprovince2@gmail.com


## 'हिन्दू राष्ट्र बनाऊ, मुलुक जोगाऊ'

काठमाडौं। मुलुकलाई विखण्डनबाट जोगाउन हिन्दू राष्ट्रको अलावा कुनै बिकल्प नरहेको हिन्दू परिषद नेपालका राष्ट्रिय अध्यक्ष संतोष पटेलले ठोकुवा गरेका छन्।क्रिशचनका एजेंट एनजीओ, आइएनजीओ र राजनीतिक दलका नेताको आडमा हुने धर्म परिवर्तनले देशमा अराजकता बढने खतरा रहेको बताए। पटेलले भने सम्पूर्ण नेपालीलाई एक सूत्रमा बाधने सेतु हो हिन्दू राष्ट्र नेपाल बिना मुलुकको समृद्धि र बिकाश सम्भव नरहेको बताए। परिषदले पुस र माघ महीनामा संगठन विस्तार,जनजागरण सभा,समन्वय र सहकार्य कार्यलाई बिशेष प्राथमिकता दिने भएको बताए। काठमाडौंस्थित मधेश मीडिया हाउसको सभा हलमा सम्पन अन्तर्क्रिया कार्यक्रम हिन्दू परिषद नेपालका केन्द्रिय सदस्य अनिल कर्णको सभापतित्वमा सम्पन भएको थियो।

कार्यक्रममा हिन्दूवादी अगुवाहरू राजेन्द्र पाठक, सुदामा ढकाल, ऋषिकेश जग साह, ओमप्रकाश भट्ट, विद्यार्थी नेता घनश्याम मिश्रा, हिन्दू परिषद नेपालका केन्द्रिय सदस्यहरू पिकी महासेठ, साधना यादव, हंसा साह, सल्लहकार ऋषिकेश मिश्रा, उपत्यका कमिटि वरिष्ठ उपाध्यक्ष मनोज मण्डल, उपाध्यक्ष इंद्रेव मण्डल,काठमांडौ जिल्ला अध्यक्ष गणेश थापा, उपाध्यक्ष मंगल थापा मगर लगायतकाले शुभकामना मंतब्य ब्यक्त गरेका थिए। हिन्दू परिषद नेपालका केन्द्रिय उपाध्यक्ष सुनीता रौनियारले सहजीकरन एंव केन्द्रिय सदस्य श्यामशुन्दर रायले शुभकामना मंतब्य ब्यक्त गरेका थिए।






## क्यान्सर

शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ। यो सरूवा रोग होइन।

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु।
- मुसा, कोठीमा परिवर्तन आउनु।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने।
- कुनै घाउ वा सुजन निको नहुने।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ।

स्वास्थ्य कार्यालय,
काठमाडौं, टेकु


स्थानीय सम्वाद

## जनताका अपेक्षा धेरै छन्



**धनवीर मण्डल**
**वडाध्यक्ष, नगराइन नगरपालिका-६, धनुषा**

जनताले हामीलाई काम गर्नका लागि पठाएका हुन्, त्यसैले अप्ठ्याराहरूलाई हामीले अवसरको रूपमा लिँदै अगाडि बढिरहेका छौं। खासै अप्ठ्याराहरू छैनन्। काम गर्ने इच्छा शक्ति भएपनि कुनै किसिमको समस्या हुँदैन।

**○ तपाई निर्वाचित भएर आएदेखि के-के काम गर्नुभयो ?**
– मैले निर्वाचत भएपछि आफ्नो वडाभित्रको समस्यालाई केन्द्रित गरेर विकास निर्माण थालेको छु।हामी जनताबाटै जनताकै लागि निर्वाचित भएका आएर हौं। त्यसैले हामीले जनताको भावना र समस्यालाई समाधानको बाटा पहिल्याउनु हाम्रो कर्तव्य हो।

**○ कस्ता योजनाहरू प्राथामिकतामा राख्नुभएको छ ?**
– विकासको प्रमुख आधार भनेकै सडक हो। वडाभित्र रहेका ग्रामीण सडक विस्तार तथा स्तरोन्नतिलाई प्राथामिकताका साथ हेरको छु। वडाध्यक्ष निर्वाचित भएपछि वडालाई व्यवस्थित रूपमा सञ्चालनमा ल्याएर शिक्षा, स्वास्थ्य, सडक लगायतको पूर्वाधार अपरिहार्य छ। त्यसैले यस्ता विकासमा केन्द्रित भएको छु। वडाको पर्यटकीय र खेल क्षेत्रको विकासमा लागेको छु।

**○ शिक्षा क्षेत्रको सुधारमा कस्ता योजना छन् ?**
– विकासको मूलआधार शिक्षा हो। त्यसैले वडाको शौक्षिक क्षेत्रको सुधारमा जोड दिएको छु। शैक्षिक सुधारअन्तर्गत सामुदायिक विद्यालयमा नेपाली र अङ्ग्रेजी दुवैबाट कक्षा संचालन गरेको छु। अहिलेको चासो र विद्यार्थीको आर्कषण भएकाले प्राविधिक शिक्षामा पनि जोड दिएका छौं।

**○ वडाको स्वास्थ्य र मातृ शिशु स्वास्थ्यको क्षेत्रमा केके गर्नुहुन्छ ?**
– मातृ शिशु स्वास्थ्य र पोषणलाई नीति तथा कार्यक्रममा प्राथमिकताका साथ आफूले सञ्चालन गरेको छु। सुत्केरी महिलाका घरमै पुगेर आफैं पोषणयुक्त आहारप्रदान गर्ने गरेको छु। सुत्केरी महिलाको घरमै पुगेर एकवटा भाले, गेडागुडी, आयोडिनयुक्त नुन र सरसफाइका सामग्री प्रदान गर्ने गरेको छु। गरिब र आर्थिक अवस्था कमजोर भएको परिवारमा सुत्केरीलाई पोषणयुक्त खानेकुरा वितरण गरेपछि महिला र बच्चाको स्वास्थ्यमा समेत थप टेवा पुग्गेको अपेक्षा राखेको छु। वडाको स्वास्थ्य सुधारलाई थप प्रभावकारी बनाउँन सामुदायिक स्वास्थ केन्द्र निर्माण गरि अहेब, अनमी र कार्यालय सहयोगीको समेत व्यवस्था गरि सञ्चालनमा ल्याएको छु।

**○ वडाध्यक्षमा निर्वाचित भएर आएपछि जनताबाट कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**
– म वडाध्यक्ष निर्वाचित भएर आएपछि जनताको सेवामा अहोरात्र खटेको छु। जनताको सेवा सुविधामा कुनै कसर राखेको छैन। त्यसैले होला, जनताबाट मैले सकारात्मक प्रतिक्रिया पाएको छु। देश संघियतामा गैसकेपछि सबै सेवा जनताले गाउँमै सहज रूपमा आफूले चुनेको जनप्रतिनिधिबाट पाउँदा खुसी नै छन् जस्तो लाग्छ।

**○ जनप्रतिनिधिको रूपमा काम गरिरहँदा कतिको अप्ठ्याराहरू आउँछन् ?**
– करिब दुई दशकदेखि स्थानीय तह जनप्रतिनिधिविहीन थियो। यत्रो लामो समयपछि स्थानीय तहमा जनप्रतिनिधि आएका छन्। विगतमा वडामा केही पनि काम भइरहेको थिएन। सानोभन्दा सानो कामका लागि पनि जनताले सदरमुकाममै जानुपर्ने अवस्था थियो। हामी निर्वाचित आउँदा जनताको अपेक्षा धेरै ठूलो थियो। विकास निर्माण हुन नसक्दा जनताका धेरै अपेक्षाहरू छन्। तर हामीले विस्तारै जनताका सबै अपेक्षाहरू पूरा गर्दै गइरहेका छौं। जनताले हामीलाई काम गर्नका लागि पठाएका हुन्, त्यसैले अप्ठ्याराहरूलाई हामीले अवसरको रूपमा लिँदै अगाडि बढिरहेका छौं। खासै अप्ठ्याराहरू छैनन्। काम गर्ने इच्छा शक्ति भएपनि कुनै किसिमको समस्या हुँदैन।

**○ अन्य प्रतिपक्षीहरूसँग कतिको सहयोग हुन्छ ?**
– स्थानीय तह भनेको कुनै राजनीतिक अखाडा होइन, जनताका लागि काम गर्ने हो। यहाँका प्रतिपक्षीहरूले पनि हामीलाई सहयोग नै गरिरहेका छन्। सबैको सहयोगमा नै हामीले कामहरू अगाडि बढाइरहेका छौं। कुनै किसिमको बाधा वा अवरोध छैन। आफ्नै समाजमा विकास र समृद्धिका लागि सबैको आआफ्नो ठाउँबाट सहयोग गरिरहेका छन्। हामीले सबैको सल्लाह र सुझावलाई आत्मसात गर्दै कामहरू अगाडि बढाइरहेका छौं। त्यसैले यहाँ कोही पनि प्रतिपक्षी जस्तो देखिएका छैनन्। सबैको सहयोग नै पाइरहेका छौं।

**○ तपाइँ आफ्नो कार्यकालभित्र वडालाई कस्तो बनाउने सोच्नुभएको छ ?**
– हाम्रो कार्यकालको लगभग आधा समय हामीले बिताइसकेका छौं। अब करिब आधा समय अर्थात अढाई वर्ष जति समय मात्र हामीसँग छ। हामीले विभिन्न किसिमका योजनाहरू छनौट गरेका छौं र सोहीअनुसार काम कारबाही अगाडि बढाइरहेका छौं। यहाँको शिक्षा, स्वास्थ्य, सडक र कृषिलाई नै उच्च प्राथमिकतामा राखेका छौं। शिक्षाको अवस्थालाई सुधारका लागि सम्बन्धित निकायमा ध्यानाकर्षण गराएका छौं। भौतिक पूर्वाधार निर्माणतिर पनि हामीले जोड दिइरहेका छौं। प्राथमिक स्वास्थ्यका लागि पनि केही हदसम्म सुधार भए पनि अझ प्रभावकारीरूपमा जनताको घरआँगनमै सेवा दिनेका लागि प्रयासरत छौं। बाटोघाटो निर्माणलाई पनि हामीले उत्तिकै प्राथमिकता दिएका छौं। किनभने विकासको मुख्य पूर्वाधार भनेकै सडक हो। आवतजावतको सुविधा भएपछि मात्रै जनताले विकासको अनुभूति गर्न पाउँछन्। हाम्रो वडा कृषिमा आधारित हो। त्यसैले कृषकहरूका लागि पनि विभिन्न किसिमका योजनाहरू ल्याएका छौं। समग्रमा भन्नुपर्दा म आफ्नो कार्यकालभित्र वडालाई समृद्धिको बाटो लिएर जान्छु।

## विश्व परिवेश

# चीनको सहयोग अन्य उद्देश्यबाट प्रेरित

- स्यामुएल बैद

दक्षिण एशियामा पाकिस्तान पछि बगंलादेश चिनीया लगानीको दास्रो ठूलो उपभोगकर्त्ता रहेको छ। ब्रिटिस बैंक अनुसार स्टेण्डर्ड चार्टर्ड र चीनको बेल्ट एण्ड रोड इनिसिएटिभको बंलादेशमा अमेरीकन डलर ३८ बिलियन जतिको लगानी रहेको छ। सन् २०१६ मा बंलादेशको भ्रमणका कममा चिनिया राष्ट्रपति सी जिनपिंले २०२० सम्मको अर्बो भन्दा बढीका लागि त्यहाँको २७ वटा विकास योजनाका लागि चीनले अमेरीकी डलर २० बिलियन भन्दा बढी ऋृण दिने बाचा गरेको थियो। तर निर्धारित समयमा चीनले ५% मा मात्र दिएको थियो, जो बंलादेशको मुद्धा अनुसार ८१.६० बिलियन जति मात्र रहेको छ। प्रतिबद्धताको सुरक्षा गर्ने उद्देश्यले उभय पक्षले त्यस स्थितिको आरोप आधिकारीक दुर्व्यवस्थामाथि लगाएको छ। अक्टोबर १४,२०१९ का दिन बंलादेशका संरक्षणात्मक विशेषज्ञ मोहम्मद फौजल कबीर खानले प्रोथोम अलोमा प्रकाशित एक लेख मार्फत उल्लेख गरेकोछ कि “चीनले आफ्नो राजनीतिक प्रभुत्व विस्तार गर्न त्यत्रो ठूलो सहयोगको दावा गरेपनि सही अर्थमा योजनाको कार्यान्वयनको लागि सहयोग प्रदान नगरिएकोले योजना कार्यान्वयन गर्न ढीलो हुन गएको छ।” बंलादेशको समचारपत्र-‘द डेली स्टार’ ले आफ्नो अक्टोबर १९ को मार्फत उल्लेख गरेको छ कि चीनले ३ बिलियन भन्दा बढी दिने नगरेको कुरालाई चीनका एग्जिम



बैंकका अधिकारीहरू समेतले पुष्टि गरेका छन्।

जुन, २०१९ मा बंलादेशकी प्रधानमन्त्री शेख हसीना बेजिङ्ग पुगेर चिनिया नेतृत्वसंग ढीलो सम्बन्धमा प्रतिक्रिया व्यक्त गर्दा पनि त्यसमा कुनै प्रगति भएन ? चीनको उनको भ्रमणको असफल्ताबारे केही आन्तरिक संचार माध्यमहरूले समाचार सम्प्रेषण गरेको फलस्वरूप चीन बंलादेशवीच १.७ बिलियन ऋृण जलश्रोत क्षेत्रका लागि उपलब्ध गराउने गरी एउटा नयाँ सम्झौता गरिएको थियो। तिनीहरूले चीनको प्यारो योजना: ‘बंलादेश-चीन-भारत-म्यानमार एकोनोमिक कोरिडोर प्रोजेक्ट’ समेतका विषयमा छलफल गरेका थिए।

तर बंलादेशका जनता अझ आफ्नो जिज्ञासा बारे पर्खिराखेका छन कि बंलादेशप्रति चीनका अत्यन्त शक्तिशाली अधिकारीहरूद्वारा गरिएका बाचाहरू पूरा गरिएका छैनन् ? त्यस्तो अवस्थामा अर्को प्रतिवद्धताको कुनै प्रयोजन रह्न गएको छैन ? वास्तविकता यो छ कि चीनको ऋृण प्रदान गर्ने क्षमता निरन्तर घट्दै गएको छ, जसको कारण उसको अमेरिका संगको व्यापार युद्धका कारण उसको क्षमतामा हास हुँदै गएको छ। यस क्षेत्रमा भारतको एक आर्थिक र सैनिक शक्तिको उद्देश्यले गर्दा चीनले गम्भीर चुनौतीसँग जुझनु परेको छ। बंलादेश आफैले पाकिस्तानमा चीनले ‘चीन-पाकिस्तान इकोनोमिक कोरिडोर’ अन्तर्गत गरी राखेको लगानीबाट सबक लिन सक्छ। प्रारम्भिक अवस्थामा त्यो पाकिस्तानका लागि परिवर्तनकारी सम्झिए पनि त्यो केवल सेतो हात्तीको रूपमा परिणत हुन गएको छ। भूमि अधिग्रहण र श्रोतको दुरपयोग अहिले सि.पि.इ.सी. को कममा पाकिस्तानका लागि सामान्य भै सकेको छ। चिनिया ऋृणको भुक्तनी को क्षतिपूर्ति गर्न पाकिस्तान असफल रहेको कारण अहिले सि.पि.इ.सी प्रोजेक्टहरूमा चिनिया मुद्धाको प्रयोगका लागि बाध्य पारिएको छ। पाकिस्तानको सार्वभौमसत्ता खतरामा पर्न गए जस्तो छ किनकि पाकिस्तानी बौद्धिकवर्गहरूले सि.पि.इ.सी. लाई न्यू इस्ट इन्डिया कम्पनी’ भन्न थालेका छन्।

भारतका छिमेकी देशहरूका लागि चिनिया सहयोग प्रति देशहरूको विकासका लागि हुनु भन्दा बढी राजनीतिक उद्देश्य प्ररित रहेको छ। अरू अपेक्षा गर्दछ कि बंलादेश त अर्को पाकिस्तान त बन्न जाँदैन, किनकी उसले चीनद्वारा प्रवाहित ऋृणको प्रतिफलस्वरूप आर्थिक मात्र होइन कि सामाजिक विनाशसँग पनि जुझ्दै आउनु परेको छ। बंलादेशलाई चीनले झण्डैले ४६ वर्ष अगाडि खेखिनै आफ्नो नियन्त्रणमा राख्ने प्रयास गर्दै आएको थियो, आज चीनको राजनीतिक-सैनिक स्वरूपलाई आफ्नो देशमा लागू गर्ने एक महत्वपूर्ण निकाय बन्न पुगेको छ।

# इमरानका खेलहरू २६/११ का संचालकहरूका लागि प्रेरणा

पाँच महिना अघि भारतको मुम्वईमाथि २००८ मा आतंकी आक्रमण गर्नेका सरगमा प्रो. हकीज सईदलाई पाकिस्तानले थुनामा राख्यो, जो भारतको २६/११ को रूपमा मानिन्छ। त्यसपछि उनी साथ के भयो त्यो त्यसै वेलादेखि रहस्यमय रहेको छ। पाकिस्तानी संचारमाध्यम चुप लागेर बसेको छ, त्यस्तै आतंकवादविरूद्धको गतिविधिमा संलग्न आधिकारीक निकायहरू पनि रहेका छन्। प्रो.पव्लिकाका सेवास्तरीयन रोदेल्लाको प्रतिवेदन अनुसार हफिज सईजलाई मुश्किलले चल-फिर गरेको देखिन्छ। आफ्नो राजनीतिक महत्वाकांक्षा संचालन गर्ने क्रममा आफ्नो सशस्त्र उग्रवादीहरूको संगठनको नियन्त्रन गर्ने क्रममा उनी शक्तिशाली भएर उच्चस्तरीय व्यक्तिहरूलाई निरीक्षण गर्छन। गत दर्शकको अवधिमा उनी कम्तीमा तीन पटक थुनिएका थिए र उनी तुरून्तै अदालतहरूबाट विना कुनै आरोप मुक्त गरिएका थिए। उसको कमाण्डर जकी-उर-रहमान, जो मुम्वई आक्रमणको व्यवस्थापक रहेको थियो, अहिले रावतपिण्डीस्थित अघिआला जेलमा कडा निगरानीमा अदालतको आदेश अनुसार सजा कारी रहेकोछ तर अदालतले विगत नौ वर्षमा पनि अदालतले कुनै फैसला सुनाएको छैन। स्पष्ट रूपमा यो लश्कर-उ-तैयवाका प्रमुखलाई जुलाईमा बन्द गरिएको पाकिस्तानको नीति अनुरूप रहेको छ। यो भयानक प्रकृतिको भए पनि त्यस बारे कुने अनुकरण गरिएको देखिएको छैन। त्यति मात्र नभएर सईदले आतंकवादीलाई वित्तीय सहयोग गर्ने, दातृसंस्थाहरूको रकम हस्तान्तरण गर्ने र मुम्वई आक्रमणमा संलग्न रहेको आरोपहरू संग जुझ्दै आएको छ।

अमेरिकी आतंकवादीविरूद्धका एक विशेषज्ञ र हाल



मोन्टेरेस्थित मिडलबरी इनस्टीच्युट अफ इन्टरनेशनल स्डीजका प्राध्यापक जैसोन ब्लाजाकिस भन्छन-“यदि पाकिस्तानले बलियो सन्देश प्रवाहित गर्न चाहेको भए तिनीहरूले अमेरिकाहरूद्वारा अमेरिकीहरूलाई हत्या गर्न उक्साएको व्यक्तिहरूलाई गिरफ्तार गरेका हुन्थे। उनको सन्दर्भ त्यस तथ्यसंग छ जसले अमेरिकी निगरानी वक्ताहरूसँग छ, जसले साजिद मीर लगायतका नेताहरूलाई त्यस काण्डको मुख्य संचालक रहेको आरोपी सँगै त्यस पाकिस्तानी गुप्तचर अधिकारीसंग रहेको छ जसले गर्दा मुम्वई आक्रमण ६ जना अमेरिकीहरू मारिएका थिए। पाकिस्तानले मीरलाई कहिले गिरफ्तार गरेन जबकि उसविरूद्ध आतेकी गतिविधिहरूमा लागेको बलियो प्रमाण सँगै अमेरिकी कानून लागु गर्ने अधिकारीहरू तर्फबाट पनि जबरदस्त दबाब पारेको थियो।

त्यसैले कुनै आश्चर्यको कुरा छैन कि हफीज सईद र उसको दशकको अमेरिकी प्रयासले सईदलाई केह्रीगर्न सक्को छैन किनकि त्यो अलक्यदा, लश्कर-ए-तैयबा र तालिबानसंग ज्यादै सम्वद्ध र सन्निकट रहेको छ। रहमान जेब फहीर मुहम्मद, हिन्बुल्लाह अस्तम खान, दिलावर खान र नाजिर खान विश्वव्यापी आतंकवादीहरूमध्ये विशिष्ट छबि भएकाहरू भए पनि अमेरिकाले तिनीहरूलाई आतंकवादीको सूचीमा सूचीकृत गर्न सकेको छैन। यी तीनै जना पाकिस्तानीहरू सन् २००९ देखि अन्तर्राष्ट्रिय आतंकवादी को सूचीमा रहेकाहरूको शेख अमीनुल्लाहले पेशावरस्थित केटा-केटी विद्यालयलाई गंज मदरसामा परिणत गरी दिएका छन्, जो अलकयदा, लश्कर-ए-तैयबा र तालिबानको प्रशिक्षण शितिर रहेको छ।

अमेरिकी ट्रेजरी र विदेश विभागले समेत लशकर-ए-तैयबा मनथि केही गर्न सकेको छैन। हफीज सईदको ‘फलह-ए-इन्सानियत फाउण्डेशन’ भन्ने तथाकथित सईदको दातृ संगठनमाथि अमेरिकाले केह िगर्न सकेको छैन। राष्ट्रयति डोनाल्ड ट्रम्प समेतले विश्वको आतंक केन्द्र पाकिस्तान भने पनि पछि हटि सकेका छन्। पाकिस्तान आतंकवाद संचालक भए पनि आन त्यो राज्यद्वारा संचालित नरही उसको वैदेशिक नीतिको अनुमाग मान्न थालिएको छ। परवेज मुशर्रक देखि इम्रान खान सम्मका पाकिस्तानी नेताहरू सुपरिचित रहेपनि मानव अधिकारवादी आयोतुल्लाह किन तिनीहरूलाई सिद्ध आतंकवादीका रूपमा स्वीकार गर्न हच्कि राखेका छन्। यो पनि वास्तविकता छ कि इम्रान खान २६/११ को आतंकका मुख्य संचालकहरू विरूद्ध सकारात्मक कारवाई गर्न सकेका छैनन्। यो अपरिपक्क वास्तविकता हो कि पाकिस्तान नोभेम्बर २६ लाई भारतको वित्तीय राजधानीमाथि आक्रमण गर्ने दिवसका रूपमा मनाउने तरखरमा रहेको छ। यो आवश्यक छ कि भारतले पुन: एक विश्वलाई चेताउनु परेको छ कि २६/११ संचालकहरू कसरी पाकिस्तानमा अझ पनि विना कुनै अवरोधको स्वतन्त्र रूपले चल-फिर गर्दै आएका छन्।

## शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले.

- न्यानो कपडाको जोहो समयमै गरौँ।
- शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ।
- रातको समयमा सिरक, कम्बलजस्ता न्यानो ओढ्ने गरौँ। घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ।
- शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौँ, छाती र टाउकोलाई चिसोबाट जोगाउने कार्य गरौँ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो खाने कुराहरु खाने बानीको विकास गरौँ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## आतंकवादलाई परास्त गरौं : मोदी

काठमाडौं। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आतंकवादलाई परास्त गर्न सबै सदस्य राष्ट्रले प्रभावकारी कदम चाल्नुपर्ने बताएका छन्। दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन(सार्क) स्थापना दिवसको अवसरमा बोल्दै मोदीले भने ‘एकीकृत दक्षिण एसिया निर्माण गर्न’ सार्क स्थापना भएको उल्लेख गर्दै विविध क्षेत्रमा सहकार्यका लागि भएका पहललाई नयाँ दिल्लीले सघाउने जनाएका छन्। ‘सार्कले प्रगति गरेको छ। तर, अझै धेरै गर्न बाँकी छ। व्यापक सहकार्य गर्ने हाम्रो प्रयासलाई आतंकवादले बारम्बार चुनौती दिँदै आएको छ,’ उनले पाकिस्तानतर्फ संकेत गर्दै भने, ‘यस्तो वातावरणले सार्कको पूर्ण सम्भावना हासिल गर्ने हाम्रो साझा उदेश्यमा बाधा पुऱ्याउँछ। त्यसैले यस क्षेत्रका सबै मुलुकले आतंकवाद र त्यसलाई समर्थन गर्ने शक्तिलाई पराजित गर्न प्रभावकारी कदम चाल्न अत्यन्त महत्वपूर्ण छ। यसले सार्कलाई अझ मजबुत बनाउने आत्मविश्वास र विश्वास पैदा गर्नेछ।’

## सीमा निरीक्षण गर्न समिति

काठमाडौं। सरकारले भारत र चीन दुवैतिर सीमा निरीक्षण गर्न छुट्टाछुट्टै समिति गठन गरेको छ। भारततर्फका लागि गठित सीमा निरीक्षण समितिलाई तीन महिनाभित्र रिपोर्ट बुझाउन निर्देशन दिइएको छ। चीनतर्फका लागि गठित समितिलाई उपयुक्त मौसम भएपछि अनुकूल समयमा निरीक्षण गरी रिपोर्ट बुझाउन भनिएको छ। परराष्ट्र मन्त्रालयका अनुसार भारततर्फ सीमा निरीक्षण समितिको संयोजक परराष्ट्रका सहसचिव यज्ञ हमाल र चीनतर्फको संयोजकमा कालीप्रसाद पोखरेलाई जिम्मेवारी दिइएको छ। परराष्ट्रका प्रवक्ता भरत पौडेलले भारत र चीनतर्फको सीमा निरीक्षण गरी प्रतिवेदन बुझाउन सरकारले दुईवटा छुट्टाछुट्टै समिति गठन गरेको बताए।

## जिल्ला समाचार

### “मानव अधिकार संरक्षणमा सरकार प्रतिबद्ध”

जनकपुरधाम। मुख्यमन्त्री लालबाबु राउतले संविधान र कानूनले प्रदत गरेको मानव अधिकार संरक्षणमा प्रदेश सरकार प्रतिवद्ध रहेको बताउनु भएको छ। ७१ औ अन्तराष्ट्रिय मानवअधिकार दिवसको अवसरमा आज जनकपुरमा आयोजित विशेष समारोहमा मुख्यमन्त्री राउतले मानव अधिकारको संरक्षणमा प्रदेश सरकार अग्र स्थानमा रहने प्रतिबद्धता जनाउनु भएको हो। कुनै पनि व्यक्तिले आफनो मानवअधिकारको कुरा गर्दा अरूको अधिकारको संरक्षणका साथै आफनो कर्तव्य पालना समेत गर्नु पर्ने उल्लेख गर्नु हुँदै मुख्यमन्त्री राउतले सबै व्यक्ति र सरोकारबला निकायहरूलाई सचेत हुनु पर्ने बताउनु भयो। मानव अधिकार संरक्षणको लागि सबै जनालाई सचेत र गम्भीर हुँदै आ-आफनो स्तरबाट सहयोग गन आग्रह समेत उहाँले गर्नु भयो। राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं.२को प्रमुख विरबहादुर वुढामगरको अध्यक्षतामा भएको उक्त कार्यक्रममा प्रमुख सचिव रामकृष्ण सुवेदी, प्रमुख जिल्ला अधिकारी प्रदीप राज कणेल, मानवअधिकार महामेलाका संयोजक धिरेन्द्र बहादुर सिंह सहितका वक्ताहरूले शुभकामना मन्तव्य राख्नु भएको थियो।

### कांग्रेसमुक्त नेपाल बनाउनुपर्छ : अध्यक्ष साह

गौर। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेश २ का अध्यक्ष प्रभु साहले उपनिर्वाचनको मतपरिणामले नेपाली कांग्रेस पतन उन्मुख भएको टिप्पणी गरेका छन्। आज (आइतवार) रौतहटको कटहरिया नगरपालिका-१, जमुनियामा समृद्धिका लागि जनप्रतिनिधिको भुमिकासम्बन्धी अन्तरक्रियामा बोल्दै अध्यक्ष साहले हालै सम्पन्न उपनिर्वाचनको मतपरिणामले स्पष्ट रूपमा कांग्रेसको पतन देखाएको जीकिर गर्दै मधेशमा मात्र नभइ सिंगो देशमै काँग्रेसको जनाधार खस्किएको बताए। उनले २०७४ मा सम्पन्न विर्वाचनको मतपरिणामको तुलनामा काँग्रेसको नतिजा तल खस्किएकाले जनताले कांग्रेसलाई नरूचाएको दाबी गरे। विगतमा मुलुकमा वेथिति सृजना गरेको कांग्रेस हाल विकास विरोधी भएको आरोप लगाउदै उनले भने, ‘कांग्रेस एजेन्डाबिहीन पार्टी भएकाले उसले निर्वाचनमा एउटा मात्र विषय उठायो। त्यो भनेको विभिन्न नाममा वर्तमान सरकारको विरोध गर्नु। जबकी वर्तमान सरकार जनताको लागि काम गरिरहेको तपाइ हामी स्वयमले अनुभव गरिरहेका छौँ। तर कांग्रेसले न त २०७४ को चुनावमा विकास र समृद्धिको विषयमा केही बोल्यो न हालैको उपनिर्वाचनमै केही बोल्यो। उसले विकास र समृद्धिको विरोध मात्र गरिरह्यो।’ समृद्ध नेपाल निर्माणका लागि भ्रष्टाचारमुक्त नेपाल जरूरी रहेको र त्यसका लागि काँग्रेस मुक्त नेपाल बनाउनु पर्नेमा उनको जोड थियो। कार्यक्रममा सयौँको संख्यामा स्थानीय एवम् जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो।

### पुस्तक प्रदर्शनी सम्पन्न

रूपन्देही। रूपन्देहीको बुटवलमा आयोजना गरिएको साहित्य महोत्सव तथा पुस्तक प्रदर्शनीमा चार लाख रूपियाँका पुस्तक बिक्री भएका छन्। बुटवलको दीपनगरमा आयोजना गरिएको तीन दिने महोत्सवमा आठ हजार पाठकले अवलोकन गरेका आयोजक संस्था प्रगतिशील लेखक संङ्घका अध्यक्ष दलबहादुर गुरूङले जानकारी दिए। महोत्सव मङ्सिर २० देखि २२ गतेसम्म चलेको हो। पाठ्क्रमबाहेकका साहित्य, कला, संस्कृति र सङगीतसँग सम्बन्धित पुस्तकहरू प्रदर्शनीमा राखिएको थियो। यस क्षेत्रमा साहित्य अनुरागीहरूको सङ्ख्या बढे पनि पठन संस्कृति कमजोर भएकाले पठन संस्कृतिको विकास गर्ने उद्देश्यले महोत्सवको आयोजना गरिएको हो। विशेष गरेर नयाँपुस्तामा पठन संस्कृतिमा बढीभन्दा बढी आबद्धता गराउने उद्देश्यले बुटवलमा साहित्य महोत्सव तथा पुस्तक प्रदर्शनीको आयोजना गरिएको सचिव श्यामलाल पोखरेलले बताए।

### बालगायक प्रीतम नगदसहित सम्मानित

इटहरी। चर्चित बालगायक प्रीतम आचार्यलाई इटहरी उपमहानगरपालिकाले सम्मान गरेको छ। लैंगिक हिंसा विरूद्धको प्रथम इटहरी सम्मेलनको अवसरमा बालगायत आचार्यलाई नगद रू. ५१ हजारसहित सम्मान गरिएको हो। कार्यकमका प्रमुख अतिथि सामाजिक विकासमन्त्री जीवन घिमिरेले सम्मान गरे। भारतको जीटिभिबाट प्रसारण हुने चर्चित रियालिटि सो सारेगम लिटिल च्याम्समा प्रितम तेश्रो भएका थिए। इटहरी ५ का ११ वर्षीय बालक प्रितम आचार्यलाई इटहरी उपमहानगरको कार्यपालिका बैठकले ५१ हजारसहित सम्मान गर्ने निर्णय गरेको थियो। नियमानुसार कर कटौती गरेर पुरस्कारसहित सम्मान गरिएको हो। इटहरी उपमहानगरले गरेको सम्मानबाट आफू उत्साहित भएको प्रितमले बताए। प्रितमलाई सारेगम लिटिल च्याम्सका लागि भारत जानुअघि इटहरी उपमहानगरका मेयर द्वारिकलाल चौधरी र उपमेयर लक्ष्मी गौतमले नेपालको झण्डा र नेपाली टोपी लगाइदिएर विदाई गरेका थिए। तेश्रो भएर नेपाल आउँदा उनलाई नगरपालिका परिसरमा भव्य स्वागत गरिएको थियो।

### लैंगिक हिंसा सम्बन्धि गोष्ठी सम्पन्न

मोरङ। जिल्ला प्रहरी कार्यालय मोरङको आयोजनामा लैंगिक हिंसा विरूद्ध १६ दिने अन्तर्राष्ट्रिय अभियान अन्तर्गत अन्तरक्रियात्मक कार्यशाला गोष्ठी शुक्रबार सम्पन्न भएको छ। कार्यक्रमका प्रमुख अतिथि बिराटनगर महानगरपालिकाका उपप्रमुख ईन्दिरा कार्कीले प्रहरी कार्यालय लगायत सम्बन्धित निकायमा घटनाको उजुरी संख्या क्रमश बढ्दै जानुले सामाजिक परिवेशको कारण हिंसाका पीडाहरू डरले भित्रै लुकाईराख्ने प्रचलन विस्तारै अन्त्य हुँदै गएको बताइन्। लैंगिक हिंसा न्यूनिकरण तथा नियन्त्रणको लागि महानगरपालिका सदैव क्रियाशील रहि सरोकारवालाहरूसँग समन्वय गरी अगाडि बढ्न सदैव तयार रहेको उनले उल्लेख गरिन्। कार्यक्रमका जिल्ला प्रशासन कार्यालय मोरङका प्रमुख जिल्ला अधिकारी मदन भुजेलले महिलामाथि हुने हिंसा बिद्यमान रहेको र यसको प्रभावकारी न्यूनिकरणको लागि प्रहरी, स्थानीय निकाय, संघसंस्थाहरूको सक्रियता आवश्यक रहेको बताए।

### वीरगन्जमा रूख रोप्ने अभियान

वीरगन्ज। बढ्दो वायु प्रदुषणलाई कम गर्ने उद्देश्यका साथ वीरगन्जमा पाँच हजार रूख रोप्ने अभियानको सुरूवात भएको छ। लायन्स क्लब अफ वीरगन्ज गेटवेलको अयोजनामा वीरगन्जको नगवामा अवस्थित फोहर व्यवस्थापन केन्द्रमा विभिन्न प्रजातिका पाँच सय रूख रोपिदै सो अभियानको थालनी गरिएको हो। लायन्स क्लब अफ वीरगन्ज गेटवेलले आयोजना गरेको कार्यक्रममा वीरगन्ज महानगरपालिकाका नगर प्रमुख बिजय कुमार सरावगीले रूख रोपि उक्त अभियानको सुरूवात गरेका हुन्। नगवामा निर्माण भइरहेको फोहर व्यवस्थापन केन्द्रबाट उत्षर्जन हुने वायु प्रदुषणलाई कम गर्न उक्त स्थानमा बढी अक्सिजन उत्सर्जित गर्ने प्रजातिका रूख रोपिन लागिएको आयोजकले जनाएका छन्। कार्बनडाई अक्साइडलाई ग्रहण गर्दै बढी अक्सिजन उत्पादन गर्ने निम, पिपल, अमला लगाय विभिन्न प्रजातिका पाँच हजार रूख रोपिने योजना रहेको लायन्स क्लब अफ वीरगन्ज गेटवेका अध्यक्ष डा. महेश्वर प्रसादले जानकारी दिए।

### विद्यार्थीमाथिको क्रूर व्यवहार

नेपालगन्ज। बाँकेको कोहलपुरमा ट्रकको ठक्करबाट कोहलपुर त्रिभुवन माविक कक्षा ७ मा पढ्ने एक बालिक गम्भीर घाइते भएपछि कोहलपुरमा तनाव बढ्यो। सो क्रममा उत्पन्न परिस्थितिमा सुरक्षाकर्मीको क्रूरताका कारण अवस्था तनावपूर्ण भएको थियो। प्रदर्शनकारीले ट्रकमा आगो लगाइदिए। प्रदर्शनकारी र प्रहरीबीच झडप भएको थियो। प्रहरीले स्थिति नियन्त्रणमा लिन हवाई फायर गरिरहेको थियो। झडपमा केही प्रहरी र प्रदर्शनकारी पनि घाइते भएका छन्। आक्रोशिक प्रदर्शनकारीले सडकमा रहेका गाडीमा समेत ढुंगा प्रहार गरेका थिए। प्रदर्शनमा ठूलो संख्यामा विद्यार्थीहरू सहभागी थिए। ट्रकको ठक्करबाट त्रिभुवन माविका कक्षा ७ मा पढ्ने एक बालिका गम्भीर घाइते भएकी थिइन्। प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारी बीच झडप भैरहेको थियो। घटनामा डिएसपी सहित एक दर्जन प्रहरी र त्यति नै संख्यामा प्रदर्शनकारी घाइते भएका छन्। दुर्घटनामा विद्यार्थी घाइते भएपछि ठूलो संख्यामा युवा, विद्यार्थीहरू नाराबाजी गर्दै कोहलपुरमा प्रदर्शन गरिरहेको छन्। ठक्कर दिने ट्रक जलाइएको छ भने प्रदर्शनका क्रममा सडकमा चलेको यातायात पनि तोडफोड गरिएको छ। प्रदर्शन नियन्त्रणमा दर्जनौं राउण्ड हवाई फायर र अश्रु ग्याँस हानेको थियो। प्रहरीको गोली लागी दुई विद्यार्थी गम्भीर घाइते छन्।

### सामुदायिक क्याम्पसको योगदान : बराल

मणि प्रसाद गैह्रे, कपिलवस्तु। प्रदेश नं ५ का सामाजिक विकासमन्त्री सुदर्शन बरालले सामुदायिक क्याम्पसहरूले उच्च क्षेत्रका जनशक्ति उत्पादनमा जोड दिएको बताएका छन्। कपिलवस्तु बहुमुखी क्याम्पस तौलिहवाको आइ.सि.टि. ल्याव तथा विज्ञान प्रदर्शनीको अवलोकन कार्यक्रमको उद्घाटन गर्दै उनले यस्तो बताएका हुन्। सामाजिक क्षेत्रको विकास भनेको शिक्षा क्षेत्र भएको र कम शुल्कमा शिक्षा दिने सामुदायिक क्याम्पसहरूले विभिन्न क्षेत्रको समन्वयमा प्राविधिक सिप दिनुपर्ने समेत बरालले बताए। प्रदेश सरकारले सामादायिक क्यामपसहरूको विकासको लगी सहयोग गर्ने परिपाटिको सूरूवातको गरेको हुंदा यसलाई निरन्तरता दिने बताए। साथै प्रदेशका विद्यार्थीहरूलाई उच्च तहमा अध्यायन गर्नका लागि विभिन्न जिल्लाहरूमा प्राविधीक शिक्षालयहरू खोलेर शिक्षा दिने काम पनि प्रदेश सरकारले गरेको बताए।

### पूर्ण सफाई यात्राको शुभारम्भ

जनकपुरधाम। मुख्यमन्त्री स्वच्छता अभियानको आयोजन तथा युनिसेफको सहयोगमा प्रदेश नं. २मा स्वच्छ मधेश समृद्ध प्रदेश नारा सहित पूर्ण सरसफाई तर्फको यात्राको शुभारम्भ भएको छ। मुख्यमन्त्री स्वच्छता अभियानका संयोजक सलाउद्दिन अहमदको अध्यक्षता एव मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयका रूपेश साहको प्रमुख आतिथ्यमा शुरू भएको स्वच्छ खानेपानिको लागि गुणस्तर अनुगमन प्रशिक्षक प्रशिक्षण तालिम ३ दिन सम्म संचालन हुने छ। कार्यक्रममा अध्यक्षता गर्नु भएको स्वच्छता अभियानका संयोजक अहमदले प्रदेश सरकारले संचालन गरेको कार्यक्रमहरू बारे जानकारी गराउनु भएको थियो।

# इंडियन नेशनल ट्रष्ट फर आर्ट एण्ड कल्चरल हेरिटेजसँग सम्झौता



काठमाडौं । नेपालमा ११ वटा साँस्कृतिक सम्पदाको भूकम्पपश्चातको पुनर्निर्माणका लागि काठमाडौं स्थित भारतीय राजदूतावासले इंडियन नेशनल ट्रष्ट फर आर्ट एण्ड कल्चरल हेरिटेजसँग एक सम्झौतापत्रमा हस्ताक्षर गरेको छ । उक्त सम्झौतापत्रमा भारत सरकारको तर्फबाट काठमाडौंस्थित भारतीय राजदूतावासका नियोग उप-प्रमुख डा. अजयकुमार तथा INTACH का सदस्य सचिव डा. सि. टी मिश्राले हस्ताक्षर गरेका थिए । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका वरिष्ठ अधिकारी तथा नेपालका लागि भारतीय राजदूत मन्जीव सिंह पुरीले सो समारोहमा उपस्थिति जनाएका थिए ।

INTACH ले काठमाडौं, ललितपुर, भक्तपर र सोलुखुम्बु गरी चार जिल्लाका ११ वटा साँस्कृतिक सम्पदाको पुनर्निर्माणका लागि डिजाइन तथा परियोजना व्यवस्थापन परामर्श सेवा प्रदान गर्नेछ । साँस्कृतिक सम्पदाको पुनर्निर्माणका लागि नेपाल सरकारले तयार पारेको निर्देशिका अनुरूप साँस्कृतिक सम्पदाहरूको पुनर्निर्माण तथा संरक्षणका लागि INTACH ले नेपाल संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतको पुरातत्व विभागसँग मिलेर काम गर्नेछ ।

भारतभर १९० भन्दा बढी शाखाहरू रहेको यस INTACH विश्वको सबैभन्दा ठूलो साँस्कृतिक सङ्घठनहरू मध्येको एक हो । सन् २००७ मा संयुक्त राष्ट्रसंघ आर्थिक तथा सामाजिक परिषद्का लागि INTACH लाई विशेष परामर्शदात्रीको रूपमा लिइएको थियो ।

## मानव बेचविखन रोकथामका लागि नेपाल-भारतबीच समन्वय गर्ने सहमति



काठमाडौं । मानव बेचविखन तथा ओसारपसार रोकथामका लागि नेपाल-भारतबीच समन्वय गर्ने विषयमा दुई मुलुकका अधिकारीहरूबीच सहमति भएको छ । माइती नेपालले कन्चनपुरको महेन्द्रनगरमा आयोजनामा गरेको छलफलमा सीमाक्षेत्रमा संयुक्त कार्यक्रम गर्ने र तस्करीमा संलग्न व्यक्तिहरूबारे जानकारी उपलब्ध गराउने विषयमा बिहीबार सहमति भएको हो । कार्यक्रममा मानव बेचविखन तथा ओसारपसार रोकथाम गर्न भारत जाने नेपालीहरूको सीमानाकामा अभिलेख राख्नुपर्नेमासमेत जोड दिइएको थियो । रोजगारीका लागि भारत जाने नेपालीसँग कुनै प्रमाण नहुने र स्थानीय तहको सिफारिसबिना कुनै व्यक्तिसँग जान नपाउने प्रावधान लागू गर्नसके बेचविखनका घटना कम हुने उनीहरूको सुझाव थियो ।

## गौचनलाई अम्बेडकर अवार्ड

काठमाडौं । सामाजिक अभियन्ता विमला गौचन डा. भीमराव अम्बेडकर अवार्ड २०१९ बाट सम्मानित भएकी छन् । भारतीय संविधान निर्माता डा. अम्बेडकरको नाममा ३५ वर्ष अघि स्थापित सो अवार्डबाट यस वर्ष समाजसेवी तथा कांग्रेस नेतृ गौचन सम्मानित भएकी हुन् । नयाँ दिल्लीमा आयोजित विशेष समारोहमा भारतीय अकादमीले डा. अम्बेडकर एक्सिलेन्सी सर्भिस अवार्डबाट सामाजिक अभियन्ता गौचनलाई सम्मानित गरेको हो । विभिन्न सामाजिक संघ संस्थामा कृयाशील अग्रज समाजसेवी गौचन एकल महिला समूह म्याग्दीकी अध्यक्ष पनि हुन् । यसैगरी डाक्टर अम्बेडकर कलाश्री अवार्डबाट संचारकर्मी आरती लम्साल सम्मानित भएकी छन् । जातीय विभेदको अन्त्य र महिला सशक्तिकरणमा योगदान पुर्‍याए बापत लम्साललाई सम्मान गरिएको अकादमीले जनाएको छ ।

जातीय विभेदविरूद्ध अन्तरजातीय विवाह गरेकी लम्सालले पछिल्लो समय विभेदविरूद्धको अभियान समेत चलाइरहेकी छन् । यसैगरी समाजसेवीहरू सुशीला कट्टेल गैरे र राजकुमार सुनार पनि सम्मानित भएको नेपाल अकादमीका अध्यक्ष ठाकुरचन्द्र गहतराजले जानकारी दिए । भारतका केन्द्रीय सामाजिक न्याय मन्त्री एवं राज्यसभा सांसद डा. सत्यनारायण जाटियाले अवार्ड वितरण गरेका थिए । भारत, नेपाल लगायत दक्षिण एसियाका सञ्चार, मानव अधिकार, सामाजिक र साहित्यको क्षेत्रमा योगदान पुर्‍याउने विभिन्न व्यक्तित्वलाई संस्थाले प्रत्येक बर्ष अम्बेडकर अवार्डबाट सम्मान गर्दै आएको छ ।

## मोदी आउने अपेक्षा छ : मन्त्री भट्टराई

काठमाडौं । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेशकुमार भट्टराईले नेपालको भ्रमण वर्षमा भारतीय प्रधानमन्त्रीको भ्रमण हुने अपेक्षा रहेको बताएका छन् । काठमाडौंमा भएको एक कार्यक्रममा उनले भ्रमण वर्ष २०२० मा नेपालको पशुपतिनाथको दर्शन गर्न भारतीय प्रधानमन्त्री मोदी पुन: आउने अपेक्षा गरे । उनले भारत र नेपालको संस्कृति तथा सम्पदाहरू मिल्ने भएकाले पनि भ्रमण वर्षका बेला धार्मिक गुरूहरू तथा राजनीतिक नेताहरूको भ्रमण हुने विश्वास समेत व्यक्त गरे । कार्यक्रममा नेपालका लागि भारतीय राजदुत मन्जीवसिंह पुरीले भारत र नेपालबीच जोडिएको सभ्यताको एक केन्द्रविन्दु पशुपतिनाथ रहेको बताए । उनले धार्मिक सम्बन्ध भएकै कारण धेरै भारतीय नागरिकहरू नेपाल आउने गरेको बताए ।

## सार्क दिवसमा सन्देश

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन(सार्क) को अवरूद्ध सम्मेलनलाई आयोजना गर्दै यो संगठनलाई जतिसक्दो चाँडो पुनर्जीवन दिनुपर्ने बताएका छन् । सार्क स्थापनाको ३५ औं वार्षिकोत्सव अवसरमा सन्देश दिँदै प्रधानमन्त्री ओलीले सार्कको संस्थापक एवं वर्तमान अध्यक्षका नाताले दक्षिण एसियाली जनताका साझा सपना साकार पार्नमा सदस्य राष्टसँग निरन्तर संवाद र सहकार्यमा नेपाल लागिपर्ने बताएका छन् । यसैगरी सार्क वडापत्र जारी भएको ३५ वर्ष पुगेकोमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सार्कमा धेरै प्रगति भएपनि गर्न बाँकी काम उतिकै बाँकी रहेको बताएका छन्। भारत-पाकिस्तान विवादकै कारण ५ वर्षयता सार्क शिखर बैठक हुन नसकिरहेका सन्दर्भमा भारतीय प्रधानमन्त्री मोदीले कुनै मुलुकको नाम उल्लेख नगरी 'आतंकवादी गतिविधिका कारण सार्कको बृहत सहकार्यमा बाधा परिरहेको' बताए । सार्क क्षेत्रका सबै मुलुकले आतंकवादलाई परास्त गर्न प्रभावशाली कदम चाल्नुपर्ने बताउँदै प्रधानमन्त्री मोदीले 'दह्रिलो सार्क बन्नका लागि आपसी विश्वास र आत्मविश्वास जरूरी रहने' उल्लेख गरे ।




## आर्थिक समाचार

### ग्लोबल आइएमईको सिइओमा क्षेत्री

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडको प्रमुख कार्यकारी अधिकृतमा परशुराम कुंवर क्षेत्रीले शुक्रबारदेखि पदबहाली गरेका छन् । ग्लोबल आइएमई बैंकमा जनता बैंक गाभिई मंसिर २० गते देखि एकिकृत कारोबार सुरू भएको हो । तीन दशकभन्दा बढी समय बैंकिङ्ग क्षेत्रमा रहेका क्षेत्री २०७४ साल असार १ गतेदेखि जनता बैंक नेपालको प्रमुख कार्यकारी अधिकृत थिए । यसअघि उनले तत्कालिन बैंक अफएसिया र ग्राण्ड बैंकमा प्रमुख कार्यकारी अधिकृतको रूपमा बैंकको नेतृत्व गरिसकेका छन् ।

### आइएमई जनरल इन्स्योरेन्स सम्मानित

काठमाडौं । थाइल्याण्डको बैंककमा आयोजित कार्यक्रममा आइएमई जनरल इन्स्योरेन्स लिमिटेडलाई अमेरिकाको International Brand Consulting Corporation (IBC), ले Asia's Most Trusted Company Award 2019 बाट सम्मान गरेको छ । उक्त कार्यक्रममा कम्पनीका संचालक समितिका अध्यक्ष हेम राज ढकाल तथा प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठले उक्त सम्मान ग्रहण गरेका छन् । उक्त अवसरमा कम्पनीका अध्यक्ष हेमराज ढकालले IBC लाई धन्यवाद दिंदै कम्पनीको उपलब्धिमा आ-आफनो क्षेत्रबाट सहयोग तथा साथ दिई महत्वपूर्ण योगदान पुऱ्याउने सम्पूर्ण ग्राहकबर्गहरू, शेयरधनीहरू, कर्मचारीहरू, नियामक निकायहरू, सम्पूर्ण सञ्चार जगत लगायत सबैमा कृतज्ञता सहित हार्दिक धन्यवाद ज्ञापन गरे ।

### बोधगयामा बुद्धिष्ट ट्राभल्स मार्ट सुरू

काठमाडौं । नेपाल र भारतमा रहेका बुद्ध जीवनीमा आधारित क्षेत्रहरूको प्रवर्द्धन गर्ने उद्देश्यले एसोसिएसन अफ बुद्धिष्ट साइट टूर अपरेटर (एबिटिओ) भारतको आयोजनामा भारतको विहार राज्यस्थित बोधगयामा अन्तर्राष्ट्रिय बुद्धिष्ट ट्राभल्स मार्ट सुरू भएको छ । बुद्धिष्ट ट्राभल्स मार्टको उद्घाटन कार्यक्रममा भारत सरकारका पर्यटन मन्त्रालयका सचिव विनोद जुत्सीले नेपाल र भारतका बौद्ध पर्यटकीय क्षेत्रको विकास र प्रवर्द्धनका लागि ट्राभल्स मार्ट महत्वपूर्ण रहने बताए। विश्वमा बुद्ध दर्शनको प्रभाव रहेकाले बुद्ध जन्मस्थल लुम्बिनी, ज्ञान प्राप्त गरेको स्थान बोधगयासहित नेपाल र भारतका अन्य बौद्ध पर्यटकीय क्षेत्रहरूलाई जोडेर प्रवर्द्धन गर्न आवश्यक रहेको उनको भनाइ थियो। उनले यी क्षेत्रमा पर्यटकहरूलाई आकर्षित गर्न सडक पूर्वाधार तथा पर्यटकमैत्री भौतिक संरचना निर्माणमा ध्यान दिनुपर्ने उल्लेख गरे । कार्यक्रममा अशोका मिसनका अध्यक्ष भिक्षु लोप्जाङले बुद्ध शिक्षा र दर्शनको अझै प्रचार जरूरी रहेको बताए। इण्डोनेशियाका दुतबिरा बौद्ध क्याम्पसका भाइस रेक्टर इफन्दी हन्सेनले विश्वमा बुद्ध दर्शनको प्रभाव बढिरहेकाले उनीहरूलाई बुद्ध जीवनीसँग जोडिएका क्षेत्रमा आकर्षित गर्नुपर्ने बताए। सिद्धार्थ होटल सङ्घ नेपालका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले बुद्ध जन्मस्थल लुम्बिनी आउने पर्यटकलाई बोधगयामा पठाउने र बोधगयामा आउने पर्यटकलाई लुम्बिनी पठाउन बुद्ध सर्किटका क्षेत्रलाई जोडेर नेपाल र भारतका पर्यटन व्यवसायीले पर्यटकीय प्याकेज तयार बनाउनुपर्ने बताए ।

### प्रभु र गोर्खा सत्याग्रहबीच सम्झौता

काठमाडौं । गोर्खा सत्याग्रह समिति नेपाल र प्रभु बैङ्कबीच ब्रिटिस सरकारको सौनिक सेवामा कार्यरत तथा भूतपूर्व सौनिकको प्रभु स्पेसल सेभिङ खाता सञ्चालन गर्नेसम्बन्धी सम्झौता भएको छ । गोर्खा सत्याग्रह समिति, नेपालका तर्फबाट अध्यक्ष कृष्णबहादुर राई र प्रभु बैङ्कका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले एक समारोहका बीच सम्झौतामा हस्ताक्षर गरे । सम्झौतापछि गोर्खा सत्याग्रह समिति नेपाल खासगरी ब्रिटिस सरकाको सैनिक सेवामा कार्यरत तथा भूतपूर्व गोर्खा सैनिकको हितका क्रियाशील रहेको गैरसरकारी संस्था भएकाले गोर्खा सत्याग्रह समिति नेपालले प्रभु बैङ्क लिमिटेडको कमलादी शाखा कार्यलयमा आफ्नो नाममा खाता खोली कारोबार गर्ने भएको छ । गोर्खा सत्याग्रह समिति नेपालका सदस्यहरूले पनि प्रभु बैङ्क लिमिटेडको जुनसुकै शाखा कार्यलयबाट प्रभु स्पेसल सेभिङ खाता खोल्न सक्ने व्यवस्था मिलाइएको छ । गोर्खा सत्यग्रह समिति नेपालका सदस्यहरूले प्रभु बैङ्कमा प्रभु स्पेसल सेभिङ खाता खोली ब्रिटिस सरकारबाट प्राप्ता गर्ने पेन्सन रकम सीधै प्रभु बैङ्कमा रहेको सम्बन्धित खाताधनीको खातामा जम्मा हुने व्यवस्था मिलाइने सम्झौतामा उल्लेख छ ।

## प्रकाशमणी भारतमा सम्मानित




काठमाडौं । पिछडा वर्ग हकअधिकारका लागि आवाज उठाउँदै आएका नेपाल पिछडावर्ग विद्यार्थी संघका अध्यक्ष प्रकाशमणी राउतलाई छिमेकी मित्रराष्ट्र भारतमा सम्मान गरिएको छ । राउतलाई नेशनल एनटी क्राइम्स एण्ड ह्युमन राइट्स काउन्सिल अफ इन्डियाले मंगलबार भारतमा सम्मान गरेको हो । राउतलाई काउन्सिलका अध्यक्ष देवास लामा र उपाध्यक्ष सैकात हुसैन मिर्जाले गोल्ड प्लेट वितरण गरेका हुन् । राउतले यसअघि पनि भारतका विभिन्न संघ संस्थाहरूबाट अन्तर्राष्टिय स्तरको पुरस्कार पाइसकेका छन् । राउतसँगै वाबुराम अर्याल पनि सोही पुरस्कारबाट सम्मानित भएका छन् । अर्याल फिल्म निर्देशक तथा समाजसेवी हुन् । सो कार्यक्रममा नेपालसहित भारत, मलेसिया, श्रीलंका, इन्डोनिसेसिया लगायतका ११ देशका युवा सहभागी थिए ।




**मिथिला दर्शन**
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।
मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।
**विशेष जानकारीका लागि सम्पर्क**
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं